## नयाँ सरकार कहिले ?

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिएर मैदान खाली गरिदिएपछि कांग्रेस सभापति शेरबहादुर देउवा चौथो पटक नेपालको प्रधानमन्त्री बन्दैछन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले सहमतीय सरकारका लागि दिएको सातदिने समय सीमा सकिएर बहुमतीय सरकारका लागि दोस्रो पटक पत्र पठाएसँगै देउवाले सरकार गठनको गृहकार्यलाई तीव्रता दिन थालेका छन् । २१ जेठमा प्रधानमन्त्रीको चुनाव हुँदैछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ८, २०७४ साल जेठ १९ गते शुक्रबार, नेपाल संवत् ११३७ (June 2, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०।-

## अब गाई पनि चीनबाट

काठमाडौं । सरकारले आगामी दुई वर्षभित्रमा दूधमा आत्मनिर्भर बन्ने योजना बनाएको छ । सरकारको यो योजना पूरा गर्न देशमा उपलब्ध गाई, भैंसीको दूधबाट सम्भव भएन । त्यसैले उन्नत नश्लका गाई विदेशबाट भित्र्याएर दूध उत्पादनमा आत्मनिर्भर बन्ने योजना सरकारले बनाएको हो । सरकारले भारतबाट उन्नत जातका गाई ल्याउने प्रयास गरेकोमा त्यो सफल भएन । अहिले राष्ट्रिय दुग्ध विकास बोर्डमार्फत सरकारले चीनको कृषि यान्त्रिकरण **बाँकी ८ पेजमा**

# सार्वभौम जनाधिकारमाथि राजपाको खेलबाड



काठमाडौं । मधेस केन्द्रित दलहरूलाई समेत सहभागी गराउने उद्देश्यले सरकारले दोस्रो चरणको निर्वाचन असार १४ गतेलाई सारेको छ । यसअघि वैशाख ३१ मा एकै चरणमा निर्वाचन सम्पन्न गर्ने तयारी निर्वाचन आयोगले गरेको थियो । सरकारले विशेषतः तराई भूगोलमा निर्वाचन असहज हुने देखेर जेठ ३१ मा निर्वाचन गराउने मिति तोक्यो । राष्ट्रिय जनता दल नेपाललाई निर्वाचन स्वीकार्य गराउन भन्दै सरकारले तराईका जिल्लामा २२ स्थानीय तह थप गर्‍यो । सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट पर्‍यो ।

सर्वोच्चले तत्काल स्थानीय तह थप नगर्न अन्तरिम आदेश दिएसँगै स्थानीय तह चलाउन बन्देज लागेको छ । तर मधेस केन्द्रित दलहरू भने स्थानीय तह थप गर्ने मात्रै होइन, संविधान संशोधन नभई चुनावमा सहभागी हुने लिँडे ढिपी कसिरहेका छन् । पार्टी दर्ता र चुनाव चिन्ह लगायतका विषय देखाउँदै मधेसी दलहरूले जेठ ३१ को निर्वाचन सार्न माग गरे । सरकारले फेरि असार ९ गते निर्वाचन गराउने मिति तोक्यो । ९ असार मुस्लिम धर्मावलम्बीहरूको अन्तिम दिन रमजान परेको कारण देखाउँदै सरकारले फेरि असार १४ गते स्थानीय तहको दोस्रो चरणको मिति सार्दा मतदानमा भने अन्यौल बढिरहेको छ ।

आगामी असार १४ गते प्रदेश १, २, ५ र ७ मा स्थानीय निर्वाचन गराउने तयारी अघि बढे पनि यसै दिन निर्वाचन हुन्छ भन्ने ग्यारेन्टी भने छैन । मधेसी दलहरूलाई निर्वाचनमा सरिक गराउन सरकारले स्थानीय तह निर्वाचनसम्बन्धी ऐनको दफा १८ संशोधन प्रक्रिया अघि बढाइसकेको छ । ६ सय ४४ स्थानीय तहमध्ये २ सय ८३ मा पहिलो चरणको निर्वाचन सम्पन्न भइसकेको छ । दोस्रो चरणमा बाँकी ४ सय ६१ स्थानीय तहमा निर्वाचन हुँदैछ । दोस्रो चरणको निर्वाचनमा ९० लाख ९७ हजार ५ सय ५७ मतदाता छन् । सम्पूर्ण मतदाताहरू निर्वाचन मिति कुरेर बसिरहेका छन् । असार १४ को मिति पनि पछि धकेलिए जनतामा निराशा बढ्दै जाने र निर्वाचन नै नहुने सम्भावना समेत छ । कारण हो मधेसी दलहरू फेरि पनि संविधान संशोधन र जनसंख्याका आधारमा स्थानीय तह निर्धारणको विषयलाई बटमलाइन बनाइरहेका छन् ।

निर्वाचनको मिति सारिएसँगै राजपाले आजदेखि गर्ने भनिएको संघर्षका कार्यक्रमहरू स्थगन गरेको छ । तर फिर्ता लिएको छैन । बरु राजपासहितको संघीय गठबन्धनले जेठ १८ देखि २५ गतेसम्मका लागि नयाँ संघर्षका कार्यक्रम घोषणा गरेको छ । जेठ १८ देखि २१ सम्म प्रत्येक गाउँ, वडा, गाउँपालिका र नगरपालिकामा आन्दोलन परिचालन समिति गठन गरी सोको जानकारी आन्दोलन परिचालन समिति बैठक गरी आन्दोलन सफल बनाउनेबारे रणनीति बनाउने कार्यक्रम तय गरिएको छ ।

यसैगरी जेठ २३ गते आन्दोलन परिचालन समितिले आन्दोलनबारे स्थानीय स्तरमा अन्तर्क्रिया गर्ने र २४ गते प्रत्येक गाउँपालिका वा नगरपालिकाको कुनै एक ठाउँमा विरोधसभा गर्ने कार्यक्रम तय गरिएको छ । जेठ २५ गते मधेस तथा थरुहट क्षेत्रमा दिउँसो १ बजेदेखि ३ बजेसम्म चक्काजाम गर्ने कार्यक्रम सार्वजनिक गरिएको छ । जेठ २५ गतेभित्र संविधान संशोधन र स्थानीय तहको संख्या थप नगरिए कडा प्रकृतिका आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने तयारीमा गठबन्धन देखिएको छ ।

राज्य चुनाव गर्ने तयारीमा छ तर मधेसी ६ दलहरू चुनावलाई प्रभाव पार्ने गरी कार्यक्रम ल्याएर राज्यलाई चुनौती दिइरहेका छन् । सर्वोच्च अदालतले स्थानीय तह यथास्थितिमा राख्न अन्तरिम आदेश दिइसकेपछि अब कसरी स्थानीय तह वृद्धि गर्न मिल्छ ? मधेसी नेताहरूले कानुनी राज्यको दिल्ली उडाइरहँदा पनि सरकार मौन छ । चुनाव बिथोल्ने हर्कत गरेको आरोपमा विप्लव नेतृत्वको नेकपाका दर्जनौं कार्यकर्ताहरू गिरफ्तारीमा परेका छन् । नेकपाका नेताहरूलाई सरकारले भूमिगत हुन बाध्य पारेको छ । चुनावमा भाग लिने वा बहिष्कार गर्ने विषयमा निर्णय गर्न राजनीतिक दलहरू लोकतन्त्रमा स्वतन्त्र हुन्छन् ।

नेकपाले निर्वाचन बहिष्कार गर्दा उसका नेता कार्यकर्ताहरूलाई सरकार पक्रन्छ र थुन्छ । तर मधेसी नेताहरू खुल्लमखुला संविधान संशोधन र स्थानीय तह थप नगरिए चुनाव हुन दिन्नौं भनेर कुर्लिरहँदा पनि सरकार उनीहरूलाई छुन किन सक्दैन ? सर्वविदित छ संसदबाट संविधान संशोधन विधेयक पारित गर्न सत्तापक्षसँग बहुमत छैन । मधेसी दलहरूले पनि सरकारलाई समर्थन गरेकाले उनीहरू सत्तापक्ष ठहरिन्छन् । आन्दोलन त प्रतिपक्षले पो गर्नुपर्ने हो, दुनियाँमा कतै सत्तापक्षले आन्दोलन गर्छ ? त्यो पनि मेरो गोरुको बाह्रै टक्का आफ्ना माग पूरा हुनैपर्छ भन्दै ।

संविधान संशोधन विधेयक जुन सरकारले संसदमा दर्ता गरेको छ, त्यो राष्ट्रिय स्वार्थ प्रतिकूल रहेको प्रमुख विपक्षी दल एमालेको ठहर छ । एमालेसँग माले, जनमोर्चा, नेमकिपा लगायतका संसदभित्रका साना दलहरू **बाँकी ८ पेजमा**

## भरतपुरमा माओवादीको लोकतन्त्र छताछुल्ल





काठमाडौं । माओवादीहरूले जतिसुकै लोकतन्त्रको भजन गाए पनि उनीहरूको आचरण निरंकुश नै रहेको भरतपुर घटनाले पुष्टि गरेको छ । त्यसो त कम्युनिस्टहरू लोकतन्त्रवादी हुन सक्दैनन् भन्ने मान्यता राख्ने गरिन्छ । तर माओवादीहरू कम्युनिस्ट नभएर कमाउनिस्ट भएकाले लोकतन्त्रसँग उनीहरूको नाता रहने कुरा पनि भएन । लुट्नु, कुट्नु, तोडफोड गर्नु, पृथ्वीनारायण शाहको सालिक भत्काउनु, बन्द हडताल गर्नु, निहत्था जनता मार्नु नै माओवादीहरूको विगतको सग्लो परिचय हो । ‘तँलाई माओवादी लाइदिउँ’ भनेर त्यसै डर देखाउने गरिँदैनथ्यो ।

माओवादीहरू भारतको सल्लाहमा १२ बुँदे दिल्ली सम्झौता गरी शान्तिपूर्ण बहुदलीय राजनीतिक प्रतिस्पर्धामा भाग लिन मञ्जुर भए माओवादी पार्टी पहिले संविधानसभा निर्वाचनबाट देशकै ठूलो पार्टीको रुपमा उदायो । देशका लागि के के न गर्ला भनेर जनताले मत दिए । तर माओवादी सरकारमा आएपछि जनआशा मृगमरिचिकामा परिणत भयो । सेना चलाउन पो थाल्यो । आखिर ९ महिनामै माओवादी सत्ता आफैं ध्वस्त भयो । नेपाली सेनालाई **बाँकी ८ पेजमा**

## चुलियो ब्यापार घाटा

काठमाडौं । बढ्दो परनिर्भरताका कारण व्यापार घाटाले धेरै ठूलो आकार ग्रहण गरिरहेको छ । देशको वस्तु आयातले राष्ट्रिय बजेटको आकारलाई उछिन्ने अवस्था देखिएको छ । भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष ०७३।७४ को पहिलो १० महिनासम्ममा नेपालको कुल वस्तु आयात ८ खर्ब रुपैयाँ नाघेको छ । चालु आर्थिक वर्षको वैशाख सम्ममा भएको कुल वस्तु आयातको हिसाब गर्ने हो भने नेपालले मासिक औषत पौने ८३ अर्ब रुपैयाँ बराबरका मालसामान विभिन्न मुलुकबाट आयात गरेको छ ।

सरकारले ०७३।७४ मा १० खर्ब ४९ अर्बको बजेट विनियोजन गरेको थियो । तर विकास बजेट खर्च हुने अवस्था कमजोर भएपछि सरकारले बजेटको आकार करिब ११ प्रतिशत घटाएको थियो । जसअनुसार चालु आव २०७३।०७४ को बजेटको आकार ९ खर्ब ७० अर्बमा **बाँकी ८ पेजमा**

## किन बिकेन प्रचण्डको चामल



काठमाडौं । स्थानीय तहको पहिलो चरणको निर्वाचनमा माओवादी केन्द्र तेस्रो स्थानमा रहेको छ । संविधानसभाको पहिलो निर्वाचनमा माओवादीले प्रत्यक्षतर्फ बहुमत हासिल गरेको थियो भने समानुपातिकमा पनि राम्रै भोट ल्याएको थियो । विजयको उन्मादले माओवादी नेतादेखि कार्यकर्तासम्म कसैको अस्तित्व नस्वीकार्ने अवस्थामा पुगेका थिए । विजयलगत्तै माओवादीले गिरिजाप्रसाद कोइरालालाई गम्भीर धोका दिएर उनको राष्ट्रपति बन्ने बाटोमा रामराजाप्रसाद सिंहको तगारो तेर्स्याइदियो । नेपालको पहिलो राष्ट्रपति बनाउने आश्वासन गिरिजाप्रसादलाई दिएर आफ्ना अभिष्ट पूरा गरेका प्रचण्डले पछि नराम्रोसँग धोका दिन पुगे । गिरिजालाई दिएको धोका माओवादीलाई पछि निकै महँगो सावित भयो । प्रचण्डले **बाँकी ८ पेजमा**

## धमाधम उम्मेदवार चयन

**झापामा कांग्रेसका उम्मेदवार**


काँकडभिट्टा । पन्ध्र स्थानीय तह रहेको झापामा नेपाली काँग्रेसले १३ वटा स्थानीय तहमा प्रमुख पदको उम्मेदवारको टुङ्गो लगाएको छ । असार १४ गते हुने भनिएको दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा झापामा नेपाली काँग्रेसबाट भद्रपुर नगरपालिकामा तारा भुर्तेल मेचीनगरमा विमल आचार्य, अर्जुनधारामा हेमराज खरेल, कनकाईमा एकराज उप्रेती र बुद्धशान्तिमा रमेश भुजेल गरी चार तहको प्रमुख पदको उम्मेदवार केन्द्रीय कमिटीबाट टुङ्गो लगाएको नेपाली काँग्रेसका केन्द्रीय सदस्य विश्वप्रकाश शर्माले बताएका छन् । यसअघि जिल्ला समितिबाटै गौरादह गाउँपालिकामा रोहित साह, गौरीगन्ज गाउँपालिकामा फूलमती राजवंशी, भद्रपुर नगरपालिकामा गणेश पोखरेल, विर्तामोड नगरपालिकामा जलकुमार गुरुङ, दमकमा ढुण्डिराज भण्डारी र कमल गाउँपालिकामा हुकुमसिंह राईलाई प्रमुख पदमा उम्मेदवार बनाउने निर्णय गरिसकेको थियो । कचनकबल गाउँपालिकामा कालेन्द्रप्रसाद राजवंशी, हल्दिबारी गाउँपालिकामा दिलीपकुमार माबो र झापा गाउँपालिकामा जयनारायण साहलाई नेपाली काँग्रेसले प्रमुख पदमा उम्मेदवार बनाउने निर्णय गरेको छ । अब शिवसताक्षी नगरपालिका र बाह्रदशी गाउँपालिकामा मात्र उम्मेद्वारको टुङ्गो लगाउन बाँकी रहेको छ । पार्टीले अधिकांश नगरपालिका तथा गाउँपालिकामा उपप्रमुखको टुङ्गो लागेपनि केहीमा निर्णय हुन बाँकी रहेको जनाएको छ । **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ |**

## कांग्रेसको गिर्दो साख

**राजेन्द्र शर्मा**

स्थानीय तहको प्रथम चरणको निर्वाचनमा नेपाली कांग्रेसको हैसियत दोस्रो बनेपछि कांग्रेसजनहरू पराजयको कारण पर्गेल्न थालेका छन् । धेरैको विश्लेषण लगभग मिल्दोजुल्दो देखिन्छ । उनीहरूले निष्कर्ष दिएका छन्- नेतृत्वको कमजोरी । तर नेतृत्व चयन गर्दा गलत नेतृत्व चयन गरिएछ भनेर कोही पनि पछुताएका छैनन् । शेरबहादुर देउवालाई सभापतिमा जिताउनु गलत भयो भन्न कसैले सकेका छैनन् । कांग्रेसको गिरेको साख दोस्रो चरणको निर्वाचनमा बढ्ने आशा पालेका छन् कांग्रेसी समीक्षकहरूले । जुन जुन भूगोलमा दोस्रो चरणको निर्वाचन हुँदैछ ती भूगोल कांग्रेसका मात्र प्रभावी भूगोल छैनन् । खासगरी तराईलाई आफ्नो ‘भोट बैंक’ ठानिरहेको कांग्रेस तराईमै ‘स्वीप’ हुने कतिपय राजनीतिक विश्लेषकहरूले बताउन थालिसकेका छन् । ६ वटा



मधेसवादी दलहरू मिलेर बनेको राष्ट्रिय जनता पार्टी, नेपालले प्रदेश नं. २ मा कांग्रेसलाई पछाडि पार्ने उनीहरूको अनुमान छ । १ नं. प्रदेशमा कांग्रेसको कडा प्रतिस्पर्धा एमालेसँग हुने र यो प्रदेशमा एमाले नै पहिलो पार्टी बन्ने तर्कहरू अगाडि सारिँदैछ । यस्तै प्रदेश नं. ५ र ७ मा पनि यिनै दुई दलबीच भिडन्त हुने र प्रदेश ७ मा मात्र कांग्रेसले केही सफलता पाउने नेपाली राजनीतिका अक्टोपसहरूको भविष्यवाणी सुनिँदैछ ।

कांग्रेसको नेतृत्व गरिरहेका शेरबहादुर देउवा फेरि देशकै नेतृत्व गर्न खोज्दैछन् । उनी प्रधानमन्त्री भएपछि नै दोस्रो चरणको निर्वाचन हुनेछ । यसले मतदातामा केही मनोवैज्ञानिक प्रभाव भने अवश्य पार्नेछ । तर समग्र निर्वाचन नतिजामा परिवर्तन हुने देखिँदैन । कांग्रेसको पक्षमा नतिजा तान्न देउवाले सत्ताको घोर दुरुपयोग भने अवश्य गर्नेछन् । राष्ट्रिय ढिकुटीको बेफर्वाहसँग दोहन हुनेछ । साम दाम दण्ड भेदको नीति देउवाले अख्तियार अवश्य गर्नेछन् । तर यसले मतदाताहरूमा राम्रो सन्देश भने पक्कै जाने छैन । देउवाकै स्वार्थका **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक** तेजेन्द्र प्रसाईं
**प्रबन्ध सम्पादक** कृष्णराज दुलाल
**प्रबन्ध निर्देशक** किरण थापा
**अतिथि सम्पादक** विष्णु भट्टराई
**सम्पादन सहयोगी** घनश्याम ओली/गोविन्द विक
**बजार व्यवस्थापन** रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

सम्पादकीय

## गणतन्त्र दिवसको सान्दर्भिकता

मुलुकमा गणतन्त्र आएको एक दशक बितिसकेको छ । दुई सय अड्तीस वर्ष पुरानो राजतन्त्रलाई दश वर्ष लामो जनयुद्ध र ०६२।६३ को दोस्रो जनआन्दोलनको बलले हटाएपछि इतिहासले नयाँ कोल्टे फेरेको हो । गणतन्त्रले एक दशकको समयावधि पार गर्दा पनि यसलाई संस्थागत गर्ने क्रममा भएको ढिलाइले गर्दा मुलुकमा विभिन्न खाले शक्तिहरूले खेल्ने मौका पाए । स्वदेशी, विदेशी शक्तिहरूको अनावश्यक चलखेल र ठूला दलहरूको सुझबुझपूर्ण निर्णय शक्तिको अभावले गर्दा संविधान निर्माण र त्यसको कार्यान्वयनका क्रममा थुप्रै व्यवधान पैदा भए भने अहिले पनि त्यो क्रम चलि नै रहेको छ ।

यसपल्टको गणतन्त्र दिवसको पूर्वसन्ध्यामा नै संविधान कार्यान्वयनको कोसेढुंगाका रूपमा हेरिएको स्थानीय तहको निर्वाचनको पहिलो चरण समाप्त भएको अवस्था थियो । यसले नेता र जनतामा पक्कै पनि उत्साह भर्ने काम गरेको थियो । निर्वाचनको सफलतासँगै संविधान कार्यान्वयन असम्भव भनेर तर्क गर्नेहरूका मुखमा बुझो लागेको छ । तराई मधेसमा सधैंभरि रडाको मच्चाउँदै आएका दल र तिनका नेताहरू पनि दोस्रो चरणको निर्वाचनमा जुट्ने तयारी गरिरहेका छन् । गणतन्त्र संस्थागत गर्ने दिशामा पक्कै पनि यो सुखद र शुभ समाचार हो ।

एक दशकसम्म छाएको अन्यौलता र संक्रमणकाललाई चिर्ने अभियान प्रारम्भ भएको छ । तीनै तहका निर्वाचन सम्पन्न गराएर नयाँ संविधान पूर्ण रूपमा कार्यान्वयनमा आइसकेपछि सबै खाले शंका उपशंका मेटिने छन् र मुलुक वास्तवमै नयाँ युगमा प्रवेश गर्नेछ । त्यसका लागि नेतृत्व गर्दै आएका दल र नेताहरूले लोकतान्त्रिक गणतन्त्र सबैका लागि भन्ने अनुभूति दिलाउन सक्नुपर्छ । जनताको भोटको जोडघटाउमा सत्ता आफ्नो हातमा छ भन्दैमा त्यसको दुरूपयोग गरेर दलविशेष र व्यक्तिविशेषलाई मात्र लाभन्वित हुने काम गरेमा त्यो विल्कुलै लोकतन्त्रको मर्म र भावनाविपरीत हुन जानेछ ।

संविधान कार्यान्वयनमा आएकै वर्ष मुलुकको आर्थिक विकासको परिसूचक केही उक्सिनु पनि अर्को सुखद पक्ष हो । लोडसेडिङ हटाउने प्रयास थालिनु, मौसमले साथ दिनु र बन्दहडतालमा कमी आउनु जस्ता कुराले अर्थतन्त्रमा पारेका सकारात्मक प्रयासलाई दिगो बनाउँदै दोहोरो अंकको वृद्धि हासिल गर्ने लक्ष्यतर्फ आर्थिक गतिविधि केन्द्रित गर्न आवश्यक छ । यसका साथै साधारण खर्चको बढोत्तरीमा आएका चुनौती सामना गर्न र त्यसबाट उत्पन्न आर्थिक विकृति रोक्ने उपायको खोजी गर्न पनि उत्तिकै खाँचो छ ।

जनताद्वारा, जनताका लागि जनताको शासन भनेर लोकतन्त्र अथवा प्रजातन्त्रको परिभाषा प्रचलित रहँदै आएको छ । अहिलेसम्म लोकतन्त्रको फल केही नेता, केही प्रशासक र केही सत्ताका दलालहरूमा सीमित बन्दैआएको छ । नेताका गाला चिल्ला भए पनि जनताका चाउरिएका गाला र कलेंटी परेका ओठमा लोकतन्त्रले लाली भर्न सकेको छैन । नेपाल राष्ट्रका निर्माता पृथ्वीनारायण शाहले 'प्रजा मोटा भया दरबार बलियो बन्या छ' भनेर त्यस समयमै भनेका थिए । प्रजा मोटा बनाउने काममा उनका उत्तराधिकारीहरूको ध्यान नगएकै कारण दरबार ढल्न पुग्यो । त्यसैले लोकतान्त्रिक गणतन्त्रको वास्तविक संस्थागत र दिगोपनाको अभियान त्यतिबेला मात्र पूरा हुन्छ जतिबेला जनताका आवश्यकता पूरा हुन्छन् र देश सम्पन्न मुलुकको सूचीमा उभिन पुग्छ । अनि मात्र गणतन्त्रका लागि रगत बगाउने र आफूलाई बलिदानी दिने हजारौं सहिदहरूको सपना साकार बन्छ ।

# म आठ सय प्रतिशत सफल

**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)



**सन्दर्भ : स्थानीय चुनाव**

नेपालमा शासन गर्ने दलहरु सबै भ्रष्ट, राष्ट्रघाती र असक्षम हुन् । यिनीहरुलाई मत दिनु भनेको नेपालको अस्तित्व ढिलोचाँडो समाप्त पार्नु हो । त्यसकारण यस्ता दलहरुलाई मत दिइन्न आफ्नो भोट आफ्नै ढ्वाङमा हाल्छु भनेर मैले मेयरको पदको उम्मेदवारी दिएको थिएँ । आफ्नो एक मत पक्कै प्राप्त हुन्छ भन्ने कुरामा चाहिँ म ढुक्क थिएँ, आठ मत प्राप्त भएछ । मेरो खुसीको सीमा नै रहेन । आशा गरेको भन्दा आठ सय प्रतिशत मत प्राप्त गर्नु भनेको ठूलै कुरा हो । मलाई मत दिने सात जनालाई धन्यवाद ।

नेपाललाई ट्रान्सपरेन्सीको प्रतिवेदनले संसारको १० मध्ये एक भ्रष्ट राष्ट्र ठान्छ । राष्ट्र आफैंमा भ्रष्ट हुँदैन । त्यो भनेको राष्ट्र हाँक्ने दलहरु, ती दलका नेताहरु र तिनीहरुका टहलुवा प्रशासक र कार्यकर्ताहरु नै हुन् । यही भ्रष्टाचारले कमाएको पैसा चुनाव प्रचारको माध्यमबाट कार्यकर्ता हुँदै मतदातासम्म पुग्यो अनि नतिजा फेरि पनि त्यही भ्रष्ट दलहरुका उम्मेदवारको पोल्टामा पर्‍यो । मैले आठ मत पाएँ ।

यो युग भनेको स्कुटी, मोटरवाइक, प्राडो र पजेरो जेनेरेसन अथवा विनाकमाइ मोज गर्ने, सद्दे पाइन्ट च्यातेर तिघ्रा देखाइ हिँड्ने अल्लारे युवायुवतीहरुको युग हो । तर म चाहिँ ५९ वर्षको उमेरसम्म पनि सबै कुरा साइकल चढेर भ्याउने वातावरण प्रेमी परे अनि म जस्तोलाई कसले रुचाउने, कसले मत दिने ? आठ मत आउनु पनि ठूलो सौभाग्यको कुरा हो । यी अल्लारे युवायुवतीहरु नेपाल आयल निगमले पेट्रोलको भाउ बढाउँदा सडकमा जुलुस निकाल्छन् तर भारतीय सुरक्षा बलले नेपाल पसी निर्दोष नेपालीलाई गोली ठोकेर मार्दा चूँ.. सम्म पनि गर्न सक्तैनन् भने यस्ता पेट्रोल र डिजेल बालेर पर्यावरणलाई तवाह गर्नेहरुले मलाई भोट दिने कुरा पनि भएन नि ।



सन् १९९२ अप्रिलमा रोमबाट चुनाव जितेकी चिच्चोलिना

सन् १९९२ को इटलीको स्थानीय सरकारको चुनावमा रोमको एउटा चुनाव क्षेत्रबाट त्यहाँको रेडलाइट एरियामा वेश्या धन्दा गर्ने हंगेरीमा जन्मेकी इटली मूलकी प्रख्यात वेश्या चिचोलिनाले उम्मेदवारी दिएकी थिइन् । चुनाव प्रचारका क्रममा उनले आफ्नो सुन्दर छाती प्रदर्शन गरी ठूलै संख्यामा दर्शक बटुलेकी मात्रै होइन, चुनाव नै जितेर देखाइदिइन् । विश्व चकित पर्‍यो । ग्लेमर हेरेर मतदान गर्ने प्रवृत्ति नेपालमा पनि भित्रिएछ अब । अनि कहाँ आउँछ धेरै मत राष्ट्रवादी, पर्यावरणवादी अनि भ्रष्टाचार विरोधीहरुलाई ? आठ मत पाउनु ठूलो कुरा हो ।

हिजोसम्म राजनीतिक नेताहरुले प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री, सहायक मन्त्रीको रुपमा तलव भत्ता पाउँथे । यी तलव भत्ता कसरी जोगाएर यिनीहरुले काठमाडौंमा महल ठड्याए, प्राडो पजेरो किने भन्ने कुरा यिनीहरुलाई नै सोध्नुपर्छ । नेपाल त्यसै विश्वको १० मध्ये एक भ्रष्ट राष्ट्र भएको होइन । अब यसपालिको स्थानीय चुनाव जितेर स्थानीय सरकारका प्रमुखदेखि वडा अध्यक्ष र सदस्यसम्मले तलव भत्ता पाउने भएपछि फेरि कति भवनहरु ठडिने हुन थाहा छैन, अनि भ्रष्टाचारको जालो कहाँसम्म झाँगिने हो, त्यसको कसले लेखाजोखा राख्ला र ? यसैकारण मैले मेयरको उम्मेदवारी सँगसँगै भ्रष्टाचार विरोधी मतदाताहरुले मलाई भोट दिई जिताई मलाई मेयर बनाए भने म तलव भत्ता तथा अन्य कुनै सुविधा लिन्न भनेर घोषणा गरेको थिएँ । यो घोषणाले त भ्रष्टाचार प्रेमी काठमाडौंका मतदाताहरुलाई त झनै आतंकित बनाएछ अनि यसैकारण पर्‍यो मेरो भागमा आठमत ।

राष्ट्रघात प्रेमी, भ्रष्टाचार प्रेमी, पर्यावरण वैरी, विनाश्रम सुविधाभोगी तथा परजीवि नेपाली समाजलाई लल्कार्दै मैले मेयर पदको उम्मेदवारी दिएको थिएँ । यसरी उम्मेदवारी दिँदा मैले आफ्नो एक भोट मात्र मेरो बाकसमा पर्छ भन्ने सोचेको थिएँ तर मतगन्ति गर्दा आठ मत पुगेछ । काठमाडौंमा मबाहेक अरु सात जना पनि राष्ट्रवादी, भ्रष्टाचार विरोधी, सादगी, शुद्ध श्रमजीवि मतदाताहरु रहेछन् भन्ने थाहा पाउँदा म हर्षले विभोर छु । म आठ सय प्रतिशत सफल भएँ ।

# आफैंतिर फर्केर हेर्दा



**जगदीश लामिछाने**
रौतहट, पौराई

दार्शनिकहरु जीवन एउटा भूल पनि भन्छन् । भूलैभूलबाट बाँचियो भने यही जीवन एउटा फूल पनि रहेछ । होइन भने एउटै भूलमा यही जीवन शूल रहेछ । त्यस्तै शूलको ओखती नगरेपछि अथवा भूलको पोखरीबाट न पौडिएपछि यही जीवनले आफ्नो होइन आफ्नै कुभलो चिताउनेहरुको सुरक्षा गर्दोरहेछ । कुनै कुनै जीवनले यसै कारण पागल हुनुपर्दोरहेछ ।

यो मान्छे ८ वर्ष मात्रको थियो- ' आज सय साल' भनी जन्मथलो सिनामंगल भक्तपुर जाने राजमार्गको ढुंगेधाराछेउ दौडिएको हिजै त हो । खोइ त विद्यालयतिर अथवा खेल मैदानमा दौडिएको ? प्राथमिक विद्यालय देवपाटन पशुपतिको मात्रै न हो । निम्न माध्यमिक, माध्यमिक र उच्च तहका पठनीय विद्यालयहरु आँखा अगाडिका मात्र हुन् । आफ्ना त पुस्तकालयहरु र गुरुघराना मात्र भए । त्यो पहिलेका युगमा पनि विदेश गएरै पढ्ने महात्मा गान्धी नै थिए । ढुंगामा अंगारका टुक्राले लेखी टाढा टाढा पैदलै किताब खोज्न जाने अब्राहम लिंकन पनि भए । यिनीहरु प्यारा नलाग्ने कुरै भएनन् । रुसमा लियो टोल्स टाय छँदै थिए । यस्तो बखत आफूलाई आफैं प्यारो लाग्ने त कुरै भएन किनभने दीनहीन एकजोर लुगा र घरमा पर्याप्त खाने कुराको अभावमा १९९९ वि.सं. देखिकी विधवा आमाको आँसुले नुहाउनुपर्ने यही छोरोले हैन र ?

२००८ सालको ८ पासे बहिदारी पढाइले काम दिएन । चाकरी गर्नै जानिएन । बरु संस्कृत पूर्वमध्यमा र एसएलसी योग्यता परीक्षाले केही वर्षमै बहिदार गरायो । काममा र पढाइ दुवैमा मेहनतै भएर चाँडै नै खरिदार स्तरको कार्यालय प्रमुख जाँचमा पास लोकसेवा आयोगले नै दिँदा के केन पाएँ भनी म्याग्दी गई मुस्ताङ म्याग्दीमा ६ वर्ष बिताइयो । त्यस बखतको जनसम्पर्क र इमानदारी फोस्रो भयो सरकारैले जागिरमै रुवायो ।

तर पनि एउटा पुरस्कार यो मान्छेको जीवनभरलाई मात्र होइन, नेपाल देशभरलाई अन्तर्राष्ट्रिय अवस्थाको फाइदा उठाएर यो लेखकका आमा छोराकै आँशु पुछिदिने अरु कोही भएन श्री ५ महेन्द्र नै भए । यिनले नेपालका प्रायः सबै परिवारको ऋण मोचन गरिदिए । पूर्व-पश्चिम तथा काठमाडौं पोखरा बाटो बनाइ ७ दिनको पोखरा ७ घन्टामै ल्याइदिए । कसैको जग्गा कमाउनेलाई त्यही जग्गाको मोहियानी हक पनि दिलाए ।

आकाशमा रहेका बादलका हिँडाइ थाङ्नामा सुतेर हेर्दा चित्र विचित्र लाग्थ्यो । त्यो त वायुको बादलको र उज्याला सूर्यका किरणहरुको खेल रहेछ । यो पत्ता लगाउँदा नलगाउँदै अरुलाई आफ्ना निर्देशनमा हिँडाउँछु भनेर आफैं अरुको निर्देशनमा जेलिएको २०११ सालमा नै हो । आराम खोज्दै गएँ । राम हराउँदै गएँ, बिराम र हरामका खेल हुँदै गए, त्यसैमा पनि उनै महेन्द्रको मुलुकी ऐन २०२१ आएकै हो, त्यसको फाइदा लिन नसक्नु बेग्लै हो । बहुविवाह प्रतिबन्धितै हो ।

अंश बराबरै पाइने भयो तैपनि यथार्थ जीवन बाँच्नुपर्ने थियो भने कष्टमय जीवनभित्रै समय केन्द्रित अर्थात् समय नोक्सान नगर्ने हुनैपर्ने थियो त्यो सकिएन । विश्व प्रेम गर्नैपर्ने थियो । त्यो दार्शनिकता जति खोजे पनि फेला नै परेन । परात्म केन्द्रित जीवन हुनैपर्ने थियो त्यो सम्भवै भएन । यसैले आफू त आफ्नै भ्रमजालभित्रै परिएछ । स्वार्थ केन्द्रित मात्र भइएछ ।

आफैंले आफूलाई चिताएको एउटा नचिताएको अर्कै आफ्नै जीवन भएछ । यसै कारण मान्छेहरु गुण र कर्मले मात्र छुट्टिने रहेछन्, वर्णले अथवा रंगले होइन रहेछ ।

कवि शिरोमणि लेखनाथका आध्यात्मिक कविताहरु युवक कविता लेख्ने माधव घिमिरेहरु र इतिहास शिरोमणि बाबुराम आचार्य तथा पश्चिमका डेल कार्नेगी आदि प्यारा नै हुन् । यिनैका प्रेरणा नभएको भए र २०१२।१५ मै कवि गोकुलप्रसादको किताब नभेटिएको भए आफ्नै पीडाबाट पेडा तयार गरी भोजन गरिने नै थिएन । त्यसबखतको ऋण ग्रस्त जीवन बेइमान प्रशासकहरुले आफू सुखमा सुविधामा र केन्द्रमा छु भनेर देशलाई रुवाएको पनि राम्ररी बुझिने नै थिएन । बाबुको सम्पत्तिमा पढेर अरुलाई शोषण गर्नैपर्छ भन्ने सिद्धान्त राख्ने ठूला भनाउँदा पद धारी व्यापारी र नेताहरुको कर्तुत यो देशको पल्लोछेउ हुम्ला अथवा झापा चन्द्रगढीबाट हेर्न पाइने नै थिएन ।

जिम्मेवारीविहीन सुविधाभोगी प्रशासक मात्र होइन, नेता तथा व्यापारी, चिकित्सक र वकिलहरुले पञ्चायती व्यवस्था बुझाएको पनि हेरियो । रुसको भोड्का पिएर चीनको बख्खु लगाएर अथवा दिल्ली अमेरिकाको प्रजातन्त्रको धाक लगाएर गरिब नेपालीलाई रुवाएको पनि हेरियो । यस्तो नै भएर यिनैको शासन सत्तामा इमान र परिश्रमको भरमा बाँच्दा बाँच्दै एउटै निम्न पदमा २४ वर्ष अधिकृत नाम र सत्कारको माथिल्लो लोभसहित बिताइयो ।

स्याबासीको ३७ वर्षको पगरी बोकी २०४९ को जागिरदारको कोतपर्वमा गिरिजाप्रसादको शासन सत्ताबाटै बिदा हुनुपरेको हो । त्यसपछि लगत्तै २०५३ देखि दिव्य चक्षु साप्ताहिकमा विद्रोही स्वर 'शीर्षकमा स्तम्भकारै भएर पनि केही लछारपाटो लागेन । अहिले यो ग्रेटर नेपाल साप्ताहिकमा त्यस्तै भएर लगातार लेख्दा लेख्दा यो ८२ वर्षको जीवन बिताइँदै छ । तर पनि २०५३-१२-७ देखिको एउटै बोली नैतिक कानुनी सामाजिक तथा विद्वत वर्गको रायअनुसारै पनि टिस्टा काँगडाको बीच भूमि नेपालकै हो भनी छापिएकै छ छापिने नै छ ।

**अबको क्रान्ति : पर्यावरणीय**

**सुदर्शन प्रधान**

# केही गरे केही हुन्छ

बिरूवाहरु खोज्न, बोक्न, गाडीवालाहरुसँग ढुवानी दररेटको विषयमा बहस गर्न कठिन र पीडापूर्ण हुन्छ तर वार्षिक झन्डै ६ हजार लिटर अक्सिजन, १६ हजार लिटर पानी, १ हजार किलोग्राम इन्धन (दाउरा) लगायत सयौं उपभोग्य वस्तुहरु मैले प्रकृतिसँग सित्तैंमा लिएर बाँचिरहेछु । तब महामाता धरतीलाई केही भए पनि फिर्ता गर्ने दृढताले सबै कठिन र कष्टहरुलाई पानीबराबर मान्छु म ।

त्यसैले 'केही गरे केही हुन्छ, धेरै गरे धेरै हुन्छ, सुतेर बसे केही हुन्न !' मैले सहरबजार र गाउँहरुमा पनि कैयौं मान्छेहरु 'काम केही छैन' भनेर हुँदा नहुँदाका गफ हाँकी बिनाकाम बसेको देखेको छु । श्रमका स्रोत ती मान्छेहरु तास, लुँडो, क्यारमबोर्ड खेली भुलेका छन्, दिउँसै जाँडरक्सी पिएर आफ्नो स्वास्थ्य र समाजलाई पनि असर गरिरहेछन् । आकाश-पातालका कुरा गरे पनि ती सबै निदाएका मानिस हुन् भन्ने ठान्छु म । त्यसैले वातावरण जोगाई देश विकास गर्न तिनलाई पनि जागरुक बनाउनै पर्छ । गाउँघरवरपरको सरसफाइ; धारा, कुवावरपर बिरूवाहरु लगाउने; पहिरो गएका ठाउँहरुमा नियन्त्रणको उपाय, जङ्गलमा लाग्ने डढेलो निभाएर चराचुरूङ्गी, सर्प र वन्यजन्तु बचाई पर्यावरण संरक्षण अभियानमा लाग्ने मानवहरु सबै जागरुक हुन् । जागरुक मानव सर्वोत्तम हुन्छ पृथ्वीवासीका लागि ।

त्यसैले आजैदेखि प्राकृतिक वातावरण जोगाउन बिरूवा रोपी वनक्षेत्र विस्तारमा किन नलाग्ने ?

# मैले देखेको नवौं विश्व आश्चर्य : मलेसियाको पेट्रोनास

— सुरेन्द्र ढकाल —



पेट्रोनास अगाडिको जंगल र बगैँचा



क्वालालम्पुर सहरको बीचमा पेट्रोनास



पेट्रोनास बेलुकीमा



पेट्रोनासको भित्री भाग




दुईवटा (टुइन) टावरलाई जोड्ने आकाशेपुल



पेट्रोनास अगाडि सुरेन्द्र ढकाल

मैले देखेको नवौं विश्व आश्चर्य :

सन् २०१६ नोभेम्बरको कुरा हो । इण्डोनेसियाको वान्डुङमा एसिया प्यासिफिक क्षेत्र स्तरीय भेट्रान टेवलटेनिस च्याम्पिएनसिपको आयोजना भएको थियो । केही वर्षअगाडि भएको अनुप मेमोरियल टेवलटेनिस च्याम्पिएनसिपको ५५ वर्षभन्दा माथिको समूहमा प्रथम तथा ५० वर्षमाथिको समूहमा द्वितीय भई एकै साल दुई ट्रफी मैले जितेको थिएँ । त्यसैकारण क्षेत्रीय स्तरको प्रतिष्पर्धामा भाग लिने बाटो खुलेको थियो । मित्र प्रज्वल मैनालीजीले इण्डोनेसिया जाने हो भनेर सोधेपछि नाइँ भन्ने कुरै भएन । खुसीको कुरा त के थियो भने फर्केर आउँदा ४ दिनको वसाइ क्वालालाम्पुरमा पनि रहेछ । के चाहियो विश्वप्रख्यात मलेसियन ट्विनटावर पेट्रोनास हेर्ने अवसर पनि प्राप्त भयो ।

हाम्रो टेवलटेनिस प्रतिष्पर्धा नोभेम्बर २७ देखि डिसेम्बर ३१ सम्म थियो । त्यो सकेर १ डिसेम्बरमा नै हामी क्वालालाम्पुर आइसकेका थियौं । अरु मित्रहरु नेपाल एयरलाइन्सका इन्चार्ज कोमलविक्रम शाहको डेरामा बसेका थिए भने म र अर्का एक खेलाडी रवीन्द्रजी नजिकैको होटलमा बसेका थियौं । दिउँसो क्वालालम्पुर आई होटलमा बसी तलको इण्डिएन रेष्टुराँमा लन्च गरेपछि हानियौं हामी ट्राम चढेर पेट्रोनास हेर्न । एक ठाउमा ट्राम बदलेपछि बेलुकी ५ बजेतिर हामी ट्विनटावरको मुनि आइपुग्यौं । यस्तो भीमकाय टावर न्यूयोर्कको इम्पायर विल्डिङ देखेपछि अर्को देखेको थिएन किनकी २००३ मा अमेरिका पुग्दा न्यूयोर्कको ट्विनटावर आतंककारीहरुको हवाई हमलाको निशान भई हराइसकेको थियो । पेट्रोनास अगाडि र पछाडि पोखरी र फोहराहरुसहितको सुन्दर बगैंचा रहेछ भने पोखरीको पछाडि सानो मनमोहक जंगल पनि रहेछ ।

सहरको केन्द्रविन्दुमा त्यस्तो १७ एकडमा फैलिएको हरियाली पार्क भएपछि के चाहियो टहल्ने मानिसहरुको भीड हुँदो रहेछ । झन् पेट्रोनासको भुइँ तलामा डिपार्टमेन्टल स्टोरसमेत भएको हुँदा किनमेल गर्न आउनेको भीड उत्ति नै हुँदो रहेछ । हामी पुगेको केही समयमा नै अँध्यारो हुन सुरु गरेको कारण झिलीमिली बत्ती पनि क्रमशः बल्न सुरु गरेको थियो । त्यसले त त्यहाँको साँझको वातावरण निकै रोमान्चित पार्दो रहेछ । करिब डेढ घन्टासम्म त्यस क्षेत्रमा टहली बेलुकी हामी होटल फर्क्यौं । दोस्रो र तेस्रो दिन बटुक केभ र गेन्टिङ हाइट जाने कार्य भयो भने चौथो दिन हातमा क्वालालम्पुरको नक्सा ट्राम नै नचढी हिँडेरै एक्लै ट्विनटावर पुग्ने हिसाबले ब्रेकफास्ट गर्नेबित्तिकै म पैदलै त्यतातर्फ हानिएँ । म बसेको होटलबाट ट्विनटावर हेर्दा नजिकै दश मिनेटमै पुगिने जस्तो भान हुन्थ्यो । तर मलाई त्यहाँ पुग्न ५५ मिनेट लाग्यो । मैले पेट्रोनासलाई पहिलो पटक बेलुका हेरेको थिएँ, यसपालि भने बिहान ११ बजेको समयमा हेर्न पाइयो ।

**ट्विनटावर**

विश्वकै टावरमध्ये अग्लोमा गनिने यस ट्विनटावरलाई पेट्रोनास भनिँदो रहेछ । २००४ सम्म यो विश्वकै एक नम्बरको अग्लो टावर भएकै कारण मानव निर्मित आश्चर्य भएको कारण यही टावर हेर्न पनि विश्वका अन्य देशहरुबाट पर्यटकहरु मलेसिया पुग्दा रहेछन् । अर्जेन्टिनाको आर्किटेक्ट चेसार पेल्लीले यसको डिजाइन गरेको यो टावर २१ औं शताब्दीको आश्चर्यभित्र पर्दो रहेछ । सन् १९९२ को जनवरी १ बाट यसको निर्माण सुरु भई १९९६ मार्चमा सम्पन्न भएको रहेछ र १ अगष्ट १९९९ मा प्रधानमन्त्री महाथिर विन महोमदबाट औपचारिक रुपमा उद्घाटन भएको रहेछ ।

८८ तला भएको यस टावर कंक्रिट स्टिल र ग्लासले बनेको रहेछ । ट्युव इन ट्युव डिजाइनमा बनाइएको यस टावरको जग संसारकै सबैभन्दा गहिरो १३२०० क्युविक मिटर रहेको र जग मात्रै बनाउन १२ महिना लागेको थियो । दुई टावरहरु क्रमशः एक जापानी निर्माण कम्पनी हाजामा कन्स्ट्रक्सन र मित्सुविसी कर्पोरेसन अनि अर्को टावर सामसुङ सिटी कर्पोरेसनको संयोजनमा विभिन्न निर्माण कम्पनीहरुले बनाएका थिए । दुई टावरलाई जोड्ने स्काइ ब्रिजको निर्माण भने कुदोङ इन्जिनियरिङले गरेको थियो । ताइवानको ताइपेहमा सन् २००४ मा १०१ टावर बनेपछि पेट्रोनास संसारकै सबैभन्दा अग्लो टावर रहेन तैपनि भएका अग्ला टावरमध्ये एक भएको हुँदा यसको महत्व अहिले पनि त्यति नै छ जति निर्माण सम्पन्न भएताका थियो ।

## काबुलमा आत्मघाती विस्फोट, ९० जनाको मृत्यु

एजेन्सी । अफगानिस्तानको राजधानी काबुलमा भएको एक आत्मघाती बम हमलामा कम्तिमा पनि ८० जनाको मृत्यु भएको छ भने अन्य ३२० जना घाइते भएको जनाइएको छ ।

जर्मन दुतावास नजिकै भएको सो हमलामा ठूलो संख्यामा हताहती भएको हो । यो इलाकामा नै अधिकांश दुतावासहरू रहेका छन् । हमलामा परी घाइतेहरूलाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ ।

बिस्फोटलगत्तै काबुलको आकाशमा अँध्यारो छाएको थियो भने सय मिटर आसपास रहेका घरहरूमा नोक्सानी पुगेको छ । प्रहरीले विस्फोट भएको सो क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिएको छ ।

पछिल्लो केही समयदेखि अफगानिस्तानमा यस्ता विस्फोटका घटनाहरूमा वृद्धि भएपछि सुरक्षा चिन्ता थप गहिरिएको छ । यसै महिनाको सुरूमा अमेरिकी दुतावासनजिकै नेटो सुरक्षा समूहलाई लक्षित गरी गराएको विस्फोटमा ८ जनाको मृत्यु भएको थियो ।

## कसले लैजाला च्याम्पियन्स ट्रफी ?

विश्व कप क्रिकेटपछि निकै महत्वपूर्ण मानिने च्याम्पियन्स ट्रफीको आठौं संस्करण इङ्ल्यान्डको चर्चित ओभल मैदानमा सुरु हुँदैछ । एकदिवसीय क्रिकेटको शीर्ष ८ स्थानमा रहेका देशहरुबीच आयोजना हुन लागेको यो प्रतियोगितालाई मिनी विश्व कप पनि भनिन्छ ।

आयोजक इङ्ल्यान्डले बंगलादेशविरुद्ध उद्घाटन खेल खेलेपछि आठौं संस्करण आफ्नो कब्जामा पार्न विश्व चर्चित टिमहरुबीच प्रतिस्पर्धा सुरु हुनेछ । यसपालि समूह ‘ए’ मा इङ्ल्यान्डलगायत अस्ट्रेलिया, न्युजिल्यान्ड र बंगलादेश समावेश छन् ।

बंगलादेश २००६ पछि पुनः च्याम्पियन्स ट्रफीमा समावेश भएको हो । २०१५ को सेप्टेम्बर अन्त्यमा वेष्ट इन्डिज एकदिवसीय वरियतामा आठौं स्थानभन्दा माथि पुगेपछि बंगलादेशले यो मौका पाएको हो । सन् २००४ को विजेता वेष्ट इन्डिज पहिलो पल्ट च्याम्पियन्स ट्रफीबाट बाहिर छ । यसपालि सबैभन्दा गाह्रो समूह भारत, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका समावेश समूह ‘बी’ लाई मानिएको छ । यो समूहमा ३ वटा विजेता टिम समावेश छन् । पाकिस्तानबाहेक भारत, दक्षिण अफ्रिका र श्रीलंकाले च्याम्पियन्स ट्रफीको उपाधि जितिसकेका छन् । यसपालि पनि उपाधिको दावेदार भारत, दक्षिण अफ्रिका, अस्ट्रेलिया र इङ्ल्यान्डलाई मानिएको छ । अस्ट्रेलियाले पनि २००६ र २००९ मा गरी लगातार २ पल्ट उपाधि जितेको छ । दक्षिण अफ्रिकाले १९९८ मा बंगलादेशबाट सुरु भएको यो प्रतियोगिताको पहिलो संस्करण नै जितेको थियो । त्यसयता अफ्रिका फाइनलमा पनि पुग्न सकेको छैन् ।

भारतीय टोली कप्तान विराट कोहलीको ब्याटिङमा निकै विश्वस्त देखिन्छ । टोलीमा रोहित शर्मा र शिखर धवनजस्ता अनुभवी प्रारम्भिक जोडी, अजिङ्क रहाणेजस्ता ब्याट्सम्यान र हार्दिक पाण्ड्या तथा रवीन्द्र जडेजाजस्ता प्रभावशाली अलराउन्डर समावेश छन् । गत साता म्यानचेस्टरमा भएको आत्मघाती बिस्फोटनका कारण बेलायती सरकारले सुरक्षा व्यवस्थालाई निकै कडा बनाएको छ ।

## शिक्षकहरु चुनावी मैदानमा

काठमाडौं । ओखलढुंगामा शिक्षकको जागिर छोडेर दर्जनौं शिक्षक चुनावी मैदानमा उत्रिएका छन् । जिल्ला शिक्षा कार्यालयका अनुसार १४ जना शिक्षकहरुले राजीनामा दिएर चुनावी मैदानमा उत्रिएका छन् ।

नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रबाट ओखलढुंगामा एक दर्जन शिक्षकहरु स्थानीय तहको मुख्य पदमा चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । लामो समय शिक्षण पेसामा रहेकी रुम्जाटारकी इच्छा गुरुङलाई एमालेले जिल्लाको एक मात्र नगरपालिका सिद्धिचरणको उप मेयरको उम्मेदवार बनाएको छ । खिजीदेम्बा गाउँपालिकाको रगनीस्थित चण्डेश्वरी उच्च माविका प्रधानाध्यापक बेदबहादुर रोकालाई नेपाली कांग्रेसले गाउँपालिका प्रमुखको उम्मेदवार बनाएको छ । त्यस्तै एमालेले चम्पादेवी गाउँपालिका प्रमुखमा शिक्षक हरिप्रसाद घिमिरेलाई उम्मेदवार बनाएको छ ।

नेकपा माओवादी केन्द्रबाट मोलुङ गाउँपालिका उपप्रमुखमा अघि सारिएकी अञ्जुला घिसिङ पनि शिक्षिका नै हुन् । माओवादीले उनी भन्दा प्रभावशाली महिला नभेटेपछि राजीनामा गराएर उनलाई उम्मेदवार बनाएको हो । नेपाली कांग्रेसबाट सिद्धिचरण नगरपालिका वडा नं. १ मा प्रधानाध्यापकबाट राजीनामा गरेर तीर्थ घिमिरे चुनावी मैदानमा छन् ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा भेदभावरहित सत्य तथ्य सूचनाको सम्प्रेषण गरी शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

महिला हस्ताक्षर

■ देविका घर्ती

# नागरिकताको जटिलता

काठमाडौं । मकवानपुरकी सुकुमाया लामा वाइबा १२ वर्षको उमेरमा बेचबिखनमा परिन् । बेचबिखनमा परेर सर्कसमा पुऱ्याइएकी सुकुमायाको सर्कसमै जबर्जस्ती भारतीय नागरिकसँग विवाह भयो । दुई सन्तान भएपछि श्रीमान्‌को मृत्यु भयो । श्रीमान्‌को मृत्यु भएपछि १२ वर्षसम्म काम गरेको सर्कसमा पनि उनलाई सहयोग भएन । त्यसपछि उनी दुई बच्चा बोकेर आफ्नो जन्मभूमि नेपाल फर्किइन् ।

सुकुमायाले नेपाल आएर म नेपाली छोरी हुँ भनेर नेपालको नागरिकता पाउँ भन्दै प्रशासनमा निवेदन दिइन् । तर, विदेशीसँग विवाह भएकाले नागरिकता दिन नमिल्ने भन्दै उनलाई फर्काइयो । चार वर्ष भयो, सुकुमायाले नागरिकताका लागि मकवानपुरमा हारगुहार गर्न थालेको । उनका दुई सन्तानमध्ये जेठी छोरीले गत वर्ष कक्षा ८ को जाँच दिँदा निकै दुःख पाइन् ।

बल्लतल्ल विद्यालयले मिलाइदिएपछि अहिले कक्षा नौमा पढिरहेकी छिन् । म मकवानपुरका कान्छाराम वाइबाकी छोरी हुँ भनेर गाउँ, वडाबाट सिफारिस दिइसकेको छ, तर गाविसमा रोकिएको छ । प्रशासनमा गृह वा सर्वोच्चमा मुद्दा दायर गर्न भनिएको सुकुमायाले बताइन् । 'म नेपाली छोरी हुँ । मेरो जन्मदर्ता, नागरिकता केही छैन । मलाई बाँच्ने आधार चाहियो,' उनले भनिन् । श्रीमान्‌को मृत्यु भएपछि सर्कसमालिक र उनकै घरकाले पनि साथ नदिएपछि उनी नेपाल आएकी हुन् । भनिन्, 'म नेपालमा जन्में, यहा ँ नआएर कहाँ जाऊँ ?'

कास्कीका सुरज हजारेका बाबु पनि भारतबाटै नेपाल आए र नेपाली महिलासँग प्रेमविवाह गरी यतै बसे । तर, उनको बुवाको अहिले मृत्यु भइसक्यो । आमासँग वंशजको नागरिकता छ । सुरज नेपालमै जन्मिए, यतै हुर्के, पढे, लेखे । अहिले उनी नागरिकताका लागि भौँतारिरहेका छन् । 'म नेपालमै जन्में, हुर्कें र बढें । मेरी आमा नेपाली, तर मैले अहिलेसम्म नागरिकता पाएको छैन । म वंशज कि अंगीकृत ?' उनले प्रश्न गरे, 'मसँग नागरिकता होस् या नहोस् म यहीँ जन्मिएँ, त्यसैले यहीँ नै

**सुरजको आमासँग वंशजको नागरिकता छ । उनी नेपालमै जन्मिए, नेपालमै हुर्के अनि नेपालमै पढे तर उनी नेपाली नागरिक हुने अधिकारबाट वञ्चित छन् ।**



मर्छु । तर, विदेशबाट बिहे गरेर ल्याएकी बुहारीले तुरुन्तै नागरिकता पाउने । अनि हामी नेपालमै जन्मेका नेपाली आमाका सन्तानले चाहिँ नागरिकता नपाउने ?'

महोत्तरीका अर्जुन साहको तीन पुस्ता नेपालमै बस्दै आयो । तर, अहिलेसम्म बाबुबाजे कसैको नागरिकता नहुँदा उनी पनि नागरिकताबाट बन्चित भएका छन् । उनले आमाको नामबाट नागरिकता पाऊँ भन्दै सर्वोच्चमा मुद्दा नै दायर गर्नुपऱ्यो । नागरिकताका लागि अनेक सास्ती खेपिरहेका अर्जुन गाविससचिवले सिफारिस दिए पनि जिल्ला प्रशासन कार्यालयबाट ऐन बनेपछि मात्र नागरिकता दिने भन्ने उत्तर पाएपछि फर्के । 'मधेसवादी दलहरू विदेशी बुहारीका पक्षमा आवाज उठाउँछन् ।

नेपाली आमाबाट जन्मेकाले नागरिकता नपाएको कुरा किन बोल्दैनन् ?' उनले भने । २०६८ सालको जनगणना र जिल्ला प्रशासन कार्यालयबाट नागरिकता लिनेहरूको तथ्याङ्कलाई आधार मानेर नेपाल कानुन र विकास मञ्चले नागरिकता प्रमाणपत्र नभएका व्यक्तिहरूको अनुमानसम्बन्धी नेपालमा गरेको अध्ययनले २०६८ असार मसान्तसम्म १६ वर्षमाथिका उमेर समूहका कुल जनसङ्ख्यामध्ये २३.६५ प्रतिशत जनसङ्ख्यासँग नागरिकता छैन । जो ४३ लाख ४६ हजार ४६ जनसङ्ख्या हो ।

अध्ययनअनुसार २०६८ सालमा ४३ लाख ४६ हजार ४, २०६९ सालमा ४८ लाख ९२ हजार पाँच सय ३०, २०७० सालमा ४४ लाख २७ हजार २९ र २०७१ सालमा ४६ लाख ७७ हजार ५३ जना १६ वर्षभन्दा माथिका उमेर समूहसँग नागरिकता छैन । तर, नेपालको संविधान २०७२ को धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिनेछैन भनी उल्लेख गरिएको छ ।

अधिकारका सन्दर्भमा नेपाली महिला र पुरुष बराबरी हो कि होइन भन्ने प्रश्न बारम्बार उठ्ने गर्छ । नागरिक शब्दको आफैँमा कुनै लिङ्ग हुँदैन, तर यसको कार्यान्वयनको विषय आउँदा भने पुरुष नागरिक हो कि महिला नागरिक भन्ने सवाल बारम्बार उठ्ने गर्छ । नेपाली महिलाको नामबाट नागरिकता दिँदा राष्ट्रियता जाने, तर नेपालको राष्ट्रियता नै छाडेर विदेश गएर बसेको बाबुको पर्खाइमा रहनु भनेको विडम्बना भएको महिला कानुन र विकास मञ्चका निर्देशक अधिवक्ता सविन श्रेष्ठ बताउँछन् ।

हामीले राष्ट्रगानदेखि मातृभूमि नेपाल भनेर सदियौँदेखि गाउँदै आएका छौँ । तर, नागरिकताको सन्दर्भमा पितृभूमि नेपाल भन्नुपर्ने अवस्थाजस्तै छ । साँच्चिकै मातृभूमि भए आमाको वंशजको पनि त मान्यता दिनुपर्ने अधिवक्ता मीरा ढुङ्गाना बताउँछिन् । नेपाल आमाको सन्तान नेपाली हुने, तर नेपाली आमाको सन्तान किन नेपाली नहुने ? नेपाल आमाको सन्तान नेपाली हुन्छ भने नेपाली आमाको सन्तान पनि त नेपाली हुनुपऱ्यो नि । अधिवक्ता श्रेष्ठले भने, 'नयाँ संविधानमा महिलाका नाममा नागरिकता दिँदा विगतभन्दा अहिले अलिकति सकारात्मक व्यवस्था गरिएका छन् ।'

आज पनि नेपालको संविधानले महिला र पुरुषलाई समान नागरिक मानेन । पुरुष स्वतन्त्र नागरिक जसले आफ्नो सन्तान र पत्नीलाई पनि नागरिकता दिन सक्छ, तर महिला परनिर्भर नागरिक जसले न त सन्तानलाई स्वतन्त्र रूपले नागरिकता दिन सक्छे, पतिलाई त झन् दिन सक्ने कुरै भएन । देशमा नेपाली महिला र नेपाली पुरुष समान छन् भनेर स्थापित भएपछि मात्र समानताको अधिकारको कुरा स्थापित हुन सक्ने श्रेष्ठको भनाइ छ । नागरिकताको कुरा गर्दा खुला सिमानाको कुरा सँगसँगै उठ्ने गरेको छ ।

तर, विषय खुला सिमानाको नभएर खुला सोचको भएको उनले बताए । एउटा अङ्गीकृत बाबुले आफ्नो सन्तानलाई सजिलै नागरिकता दिन सक्छ, किनभने ऊ पुरुष हो । तर, एउटा वंशजको आमा जसले आफ्नो सन्तानलाई नागरिकता दिन सक्दिन किनभने ऊ महिला हो । अङ्गीकृतले यो देशको प्रमुख स्थान हासिल गऱ्यो भने हाम्रो राष्ट्रियता नै खतरामा पर्छ भनिरहेका छौँ । तर, एउटा वंशजको महिलाले आफ्नो सन्तानलाई नागरिकता दिन सक्दिनन् । तर, अङ्गीकृत पुरुषले दिन सकेको छ । राष्ट्रियताको परिभाषा राष्ट्रियता नै हो कि पितृसत्ता हो भनेर सोच्नुपर्ने बेला आएको अधिवक्ता ढुङ्गाना बताउँछिन् ।

*(सञ्चारिका फिचर सेवा)*

# बालमैत्री शासनको चुनावी मुद्दा

**भीमलाल श्रेष्ठ/गोरखा**

गोरखा जिल्लाका केही स्थानीय तहका इकाईहरुमा बालमैत्री स्थानीय शासन अवलम्बन गरिएबाट स्थानीय तहको निर्बाचनमा पनि यसका बिषयमा चर्चा हुन थालेको छ । तथापि बालमैत्री शासनलाई नै चुनावी मुद्धा बनाउनेहरु चाही कम छन् ।

जिल्लाको सदरमुकामस्थित गोरखा नगरपालिकामा पनि तत्कालीन संरचनामा बालमैत्री स्थानीय शासन अवलम्बन गरिएको थियो । स्थानीय तहको पुनर्संरचना भएपछि पनि यो प्रतिबद्धताको निरन्तरता रहेको स्थानीय नगरपालिकाले जनाएको छ ।

'हाम्रा नीति र कार्यक्रमहरु पुरानै कायम छन् । नगरपालिकाको नयाँ नेतृत्व निर्वाचित भएपछि मात्र नीति र कार्यक्रम परिबर्तन हुन्छ' गोरखा नगरपालिकाका कार्यकारी अधिकृत जीवन आले मगरले भने । गत बर्षदेखि गोरखा नगरपालिकाले बालमैत्री स्थानीय शासन अवलम्बन गर्न सुरु गरेको थियो । यस अन्तर्गत गत मङ्सीर १८ गते गोरखा नगरपालिका स्तरीय बालभेला सम्पन्न गरिएको थियो । नगरपालिका स्तरीय बालभेलाको निर्णयको कार्यन्वयन आगामी आर्थिक बर्षमा गरिन्छ ।

नेपालको संविधान २०७२ र सरकारले स्थानीय तहको शासन सञ्चालनसम्बन्धी जारी गरेको आदेश बमोजिम बालमैत्री शासन प्रबर्द्धन गर्ने जिम्मा नगरपालिकाको भएकाले यसको कार्यन्वयन हुने नगरपालिकाका बालमैत्री सम्पर्क व्यक्ति बिजयभक्त उपाध्यायले बताए । उनको भनाईमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्न गोरखा जिल्लामा राजनीतिक प्रतिबद्धता र सर्बदलीय सहमति कायम भएको छ । यस कारण पनि यसको निरन्तरता रहन्छ ।

'बालमैत्री स्थानीय शासन बाल अधिकारसँग सम्बन्धित भएकाले कसैले

**बालमैत्री स्थानीय शासनमा बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता चार आधारभूत बिषयका अधिकार संरक्षित हुनु पर्दछ । बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि, २०६८ र रणनीतिअनुसार स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्नु पर्ने हुन्छ ।**

पनि अस्वीकार गर्ने अवस्था छैन' महिला तथा बालबालिका कार्यलयकी प्रमुख सुशिला वाग्लेले भनिन् । मूलतः नेपालले अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी, १९८९ लाई कार्यन्वयन गर्ने सिलसिलामा बालमैत्री स्थानीय शासनको अवधारणा आएकोले यो राष्ट्रिय महत्वको बिषय भएको उनको बिचार थियो ।

बालमैत्री स्थानीय शासनमा बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता चार आधारभूत बिषयका अधिकार संरक्षित हुनु पर्दछ । बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि, २०६८ र रणनीतिअनुसार स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्नु पर्ने हुन्छ । बालमैत्री स्थानीय शासन एक शासकीय पद्धति भएकाले २७ वटा सेवाप्रवाहसम्बन्धी र १२ वटा संस्थागत विकाससम्बन्धी सुचकहरु पूरा गरी नगरपालिकालाई बालमैत्री बनाउने अभियानमा स्थानीय तह जुटेको हुनु पर्दछ ।

स्थानीय निकायहरुले बालमैत्री स्थानीय शासनको प्रबर्द्धनका लागि कुल पूँजीगत बजेटको कम्तिमा १५ प्रतिशत बजेट छुट्याउनुपर्ने व्यवस्था गरेको छ । बालमैत्री नीतिमा बालबालिकाका नाममा छुट्याइएको बजेटबाट बालबालिकाले बालभेला गरेर विभिन्न योजना बनाउन सक्ने प्रावधान छ । स्थानीय तहले हरेक वर्ष नगरसभा गर्नुअघि बालभेला गरी बालबालिकाका योजनाहरु छनौट गर्नु पर्छ । बालबालिकालाई फाइदा पुग्ने खालका विभिन्न शैक्षिक, भौतिक विकास, सचेतना, क्षमता विकासलगायतका योजनाहरु छान्न उनीहरूको सहभागिता आवश्यक पर्छ ।

गोरखा नगरपालिकामा बालबालिकाका अधिकार संरक्षणका लागि बालबालिका स्वयं र अभिभावक तथा सबै वयस्कहरु सचेत र सुसूचित हुनु पर्नेमा सरोकारवालाहरुले जोड दिइरहेका छन् । 'बालबालिकाको क्षेत्र एक विविधतायुक्त तथा अत्यन्तै संवेदनशील क्षेत्र भएकाले बालबालिकामध्ये कसैले स्वभाविक बाल्यपन त कोहीले अस्वभाभिक बाल्यपन भोग्न बाध्य हुनु परिरहेकोले बालबालिकाको हक अधिकार संरक्षण गर्न हामी वयस्क पूर्णत जिम्मेवार हुनु पर्दछ' केही समय अगाडि गोरखामा आयोजित एक अन्तरक्रिया कार्यक्रममा नगरपालिकाका सम्पर्क व्यक्ति उपाध्यले भनेका थिए, 'यसका लागि बालबालिकाको जीवनमा आइपर्ने सबै प्रकारका हिंसा, दुर्व्यवहार, हेलचेक्रयाई वा वेवास्ता, भेदभावजस्ता हानीबाट उनीहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो ।'

जिल्ला बालकल्याण समितिका सदस्य सचिबसमेत रहेकी महिला बालबालिकाका कार्यलय प्रमुख वाग्लेले बालबालिकाहरु एक निश्चित उमेरसम्म वयस्कमाथि निर्भर हुनुपर्ने परिस्थितिको नकारात्मक फाइदा उठाउने गलत मनसाय भएका व्यक्तिहरुबाट जोखिममा पर्नसक्ने सम्भावना हुने बताईन् । विभिन्न प्रकारका हिंसा, दुर्व्यवहार, भेदभावबाट बालबालिका जोखिम अवस्थामा रहेका छन् । यस्ता सबै प्रकारका हानीबाट संरक्षण पाउनु बालबालिकाको अधिकार हो र बालअधिकारको रक्षा गर्नु वयस्कहरुको दायित्व हो ।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि १९८९ र यसका इच्छाधिन आलेखहरु एवम् अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मानवअधिकार र बालअधिकारसम्बन्धी सन्धि, महासन्धिहरुमा प्रतिवद्धता व्यक्त गरिसकेको छ । यी प्रतिवद्धता अनुकूल हुने गरी बालअधिकार प्रवर्द्धन र बाल संरक्षणमा कार्य गरी व्यवहारमा नै बालबालिकाको स्थितिमा परिवर्तन ल्याउन सबैले काम गर्नुपर्दछ । नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन, २०४८ र यसको नियमावली २०५१ तथा अन्य नीति नियमहरु लागू गरी नेपालका सबै बालबालिकाको अधिकार सुनिश्चित गर्ने आफ्ना प्रयासहरु जारी राखेको छ । सरकारका यी प्रयासहरुलाई निरन्तरता दिन तथा तिनलाई बालबालिकाका हक अधिकारका लागि सशक्त बनाउन नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य जारी छ । परिणामस्वरुप देशमा बालबालिकाका अधिकार प्रवर्द्धनका लागि विभिन्न संरचना, संयन्त्रहरु एवम् पद्धतिहरुको स्थापना भएका छन् ।

यी समग्र संरचना, संयन्त्र एवम् पद्धतिको मूल ध्येय भनेको देशका सबै बालबालिकाका अधिकार प्रत्याभूति एवम् सम्बर्द्धन गर्नु हो । यद्यपि यी सबै संयन्त्र, संरचना एवम् पद्धतिहरुलाई बालबालिकाको अधिकार प्रवर्द्धन तथा बालसंरक्षणको दृष्टिकोणबाट सशक्तिकरण गरिनु जरुरी छ ।

*–साभारः मीरेष्ट लेखमाला*


कथा

# त्यो मर्दको माया

**मोहराज शर्मा मोहन**

हामी देशबाट जति टाढा पुग्छौं उति हाम्रो देशप्रेम अझै गाढा बन्दै गईरहेको हुन्छ । हामी भूगोलको जहाँ जहाँ पुग्छौं त्यही त्यही हाम्रा कला साहित्य र सस्कृती पुर्याउछौं । अनि हामी भित्रका विभिन्न क्षमता प्रत्यक्ष वा परोक्ष रूपमा प्रस्फुटन गराइरहेका हुन्छौं । हामीलाई बन्द कोठा भित्र बसेर जीवन दर्शनका कुरा गर्ने अनि काल्पनिकतामा डुबेर कोर्ने शब्दहरू जति खस्रा लाग्छन् त्यसको दुईगुणा मर्दको माया । अझै भनौं मर्दको माया पुरुष प्रधान समाजमा नारी जीवनले परदेशमा भोगेका पिडाहरु आफन्त र समाजले गरेका इन्कारहरु जीवनसाथीले गरेका अबिश्वास र शंकाहरु छोराछोरीको यादमा एक्लै तड्पिएका पलहरु र परदेशी जीवन संगै उजाडिएका सपनाहरूको प्रतिबिम्ब हो ।

शुरूवात देखी केही कथाहरुमा डुब्दै जादा बिर्सन नसकेको माया शिर्षकको कथा भित्र बासनामा प्रेम पछि पुनस् प्रेम गर्नेहरुको सिङ्गो




स्वादिला र जीवन उपयोगी लाग्छन् जीवन भोगाइ र संघर्षको मैदानबाट कोरीएका शब्दहरू यी शब्दहरुको शब्द शब्दमा जीवनको अर्थ र जीवनको स्वाद भेटिन्छ । भोगाइ अनुसार मानिसहरूले जीवनको परिभाषा बेग्लाबेग्लै गर्लान् तर आम मनिसहरु आफ्नो यथार्थलाई विश्लेषण गरीरहेका हुन्छन् ।

अध्यनको क्रममा शब्दचित्रहरुमा त्यहाँ मैले यथार्थ जीवनको भोगाइ भेटे, त्यहाँ मैले परदेशको पिडा भेटे, त्यहाँ मैले देश प्रेम भेटे त्यहाँ आफन्तको यादमा चिच्चाईरहेका सयौं रातहरु भेटे । साथै मैले "मर्दको माया" भित्रभित्रै सिङ्गो प्रदेशको पिडा भेटें अनि रोदन र टिठ लाग्दो जिन्दगानी नै पनि भेटें। "मर्दको माया" आकुलव्याकुल प्रदेशको खस्रो जीवन भित्र डुबेकी भगवती बस्नेतद्वारा लेखिएको एउटा सिङ्गो परदेशी जीवनको कथा हो ।

साहित्यमा पाठकलाई लेखकले टाउको कन्याउदै कोरेका काल्पनिक शब्दहरुको मजा पनि बेग्लै हुन्छ नै । अनि पृथक भोगाइमा प्रबाहित शब्दहरुको साहित्यले पाठकलाई कसरी मन्त्रमुग्ध बनाउछ त्यसको मजा लिन पनि एकपटक पढ्नै पर्ने पुस्तक मर्दको माया पनि एक हो । परदेश भोगाई देखाई र सुनाईमा धेरै फरक छ । देशमा बसेर परदेश बस्नेहरूको डलर, रियल र दिराम प्राप्तिलाई जति नरम रूपमा लिन्छन् त्यसको हजारौं गुणा साह्रो भोग्नेहरुलाई थाहा छ । यो ब्यस्त जीवन भित्र मर्दको माया जन्माउन कति गाह्रो हुन्छ त्यो त हातमा हरियो पासपोर्ट र म्यानपावरले थमाएको एकथान भिजा बोकेर त्रिभुवन बिमानस्थल छोड्नेहरुलाई मात्र हुन्छ ।

मर्दको माया पुरुष प्रधान समाजमा नारी जीवनले परदेशमा भोगेका पिडाहरु आफन्त र समाजले गरेका इन्कारहरु जीवनसाथीले गरेका अबिश्वास र शंकाहरु छोराछोरीको यादमा एक्लै तड्पिएका पलहरु र परदेशी जीवन संगै उजाडिएका सपनाहरूको प्रतिबिम्ब हो ।

विमानले नेपाली भूमिबाट खुट्टो उचाल्दै गर्दा झारेका दुई थोपा आसुदेखि भोकभोकै चिच्चाईरहेका, मायामा बर्बराईरहेका र पीडाले छट्पटाईरहेका ती हजारौं काला रातहरुको एउटा यथार्थबादी शाब्दिक बुट्टेदार कथाको माला हो भगवतीको जीवन कथा अटेको छ । जब निहित स्वार्थमा बल्झाएकाहरुले स्वार्थ पुराभए पछि लत्ताईदिन्छन् तब बल्ल थाहा हुन्छ अबुझहरुलाई चोखो मायाको अर्थ । अनि सम्झिन्छन् पुरानो माया जसले हरपल साथ दियो जसको निस्वार्थ माया दियो उनकै कल्पनामा बरालिन्छन् । तर त्यतिबेला पुनर्मिलन असम्भव भैसकेको हुन्छ किनकि ईमान राख्नेहरु आफ्नो स्वाभिमान गिर्न दिदैनन ।

माया पछि पुन मायाको क्षणिक बासनामा रम्न खोज्नेहरूको कत्रो भावना अटेको छ यो कथा भित्र । अर्को कथा युद्धले चुडेको मन शिर्षक भित्र प्रेममा पोखिने शब्दहरु एक अर्का प्रतिको भाव समाज संगको सामिप्यता प्रेममा आइपर्ने अप्ठ्याराहरु नेपालमा चलेको रहनसहन र बिदेशको खुल्लापन र आफै गरौ आफै बाचौ भन्ने सस्कृति अनि हाम्रो देशमा भएका र सोच्ने गरेका रुढीबादी परम्परा र सासू बुहारीको खटपटको सूक्ष्म रुपमा प्रस्तुत गर्दै साचो मायालाई फरक देश धर्म सस्कृति भाषा र जातले कुनै असर गर्दैन साचो माया गर्नेहरुले बाचुन्जेल त मरेपछि पनि उसको छाया र पाइला पाइला परेको ठाउँमा आफ्नो प्रेमिको मुहार देखिरहन्छन् अनि कुरिरहन्छन् आफू बाचुन्जेल मेरो माया अमर छ भन्दै बाच्नेहरुको जीवनलाई निकै मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

त्यस्तै सबल निर्णय भित्र संसारमा कोही आफ्नो हुदैनन् हुन्छन् त केवल सुखमा अनि आफ्नो स्वार्थको अभिष्ट भाडो नभरिन्जेल त्यसैले कसैलाई पनि पुर्ण बिश्वास गर्नुहुन्न । जीवनका अनेकन रंगहरु भित्र आफ्नो जीवन आफै हिड्याउने स्वालम्भी जीवन पनि देख्न सक्नुपर्छ परनिर्भरताको फल एकदिन धोका हुन सक्छ भनेर दुइटा प्रेमी मार्फत प्रस्तुत गरेएको छ ।

भगवती बस्नेतको मर्दको माया भित्रका १३ वटा कथाहरू पढिसके पछि पाठकले बुझ्छ सादा जीवनको रंगीन अर्थ ! अनि यस मर्दको मायाले परदेशको रंगीन संसारमा हराईरहेको हाम्रो ब्ल्याक एन्ड वाइट जीवनको एउटा वास्तविक दर्शन पनि बुझाउछ । त्यसैले मर्दको माया एकपटक पढ्ने कि ?

*(साहित्य संसारबाट)*

# व्याकुललाई सुकीर्तिमय पदक

काठमाडौं- नेपाल सरकारले राष्ट्रगानका रचनाकार प्रदीपकुमार राई 'व्याकुल माइला' लाई छैठौं श्रेणीको सुकीर्तिमय राष्ट्रद्वीप पदक प्रदान गर्ने निर्णय गरेको छ । नवौं गणतन्त्र दिवसको अवसरमा सरकारले संघीय गणतन्त्र नेपालको राष्ट्रगानका सर्जक माइलालाई सो पदक दिने निर्णय गरेको हो ।

उनले दिएको योगदानको राष्ट्रले यथोचित सम्मान गरेन भनेर आवाज उठिरहेका बेला सरकारले यस्तो निर्णय गरेको हो । राष्ट्रगानका माध्यमबाट सबै नेपालीलाई एकजुट बनाउन उल्लेखनीय योगदान गरेकामा 'व्याकुल माइला' लाई सुकीर्तिमय राष्ट्रद्वीप पदक प्रदान गर्न लागिएको हो । सो पदक २०७५ को गणतन्त्र दिवसका अवसरमा प्रदान गरिनेछ ।

यसअघि तत्कालीन प्रथम राष्ट्रपति डा. रामवरण यादवको पालामा व्याकुल माइलालाई जनसेवाश्री पदक दिने घोषणा गरिएको थियो । उनले सो पदक अहिलेसम्म थापेका छैनन् । राष्ट्रगान छनोट भएको ११ वर्षको अन्तरालमा उनी मुलुकभरका १ हजारभन्दा बढी संघसंस्था र जनस्तरबाट सम्मानित भइसकेका छन् । आगामी वर्ष दुवै पदक एकसाथ लिने व्याकुल माइलाले बताए ।

# म्यानचेस्टर हमला र विश्व आतंकवाद



विष्णु भट्टराई

अहिले विश्वमा मुस्लिम जिहादीको आक्रमण बढ्दै गएको छ। केही समयपहिले फ्रान्सको राजधानी पेरिसमा आतंकवादी हमला भएको थियो। त्यसले सम्पूर्ण फ्रान्सेली जनतालाई मात्र होइन, पूरै युरोपलाई सशंकित बनाएको थियो। अहिले फेरि बेलायतको म्यान्चेस्टर सहरमा अर्को आतंकवादी हमला भएको छ। यसले युरोपलाई आतंकवादीको घेरामा कैद गर्दै लगेको देखिएको छ। युरोपमा आतंकवादीको सम्भावित हमलालाई दृष्टिगत गर्दै कडा सुरक्षा व्यवस्था अपनाइए तापनि आतंकवादीहरुले आत्मघाती बम हमला गर्दै युरोपलाई त्रसित बनाइरहेका छन्।

एक पप कन्सर्टसकिएलगत्तै भएको सो विस्फोटमा चरमपन्थी समूहको हात रहेको प्रहरीको अनुमान छ। म्यानचेस्टरमा गायिका एरियाना ग्रान्डेको कन्सर्ट लगत्तै सो घटना भएको हो। ठूलो आवाजसहित भएको विस्फोटपछि मानिसहरुको भागदौड मच्चिएको थियो। विस्फोटपछि म्यानचेस्टर भिक्टोरिया स्टेसनबाट रेल आवागमनमा रोक लगाइएको थियो।

विस्फोट किन गराइएको भन्नेबारेमा अहिलेसम्म केही पनि खुलेको छैन। विस्फोट भएको स्थान नजिकै रहेको अर्को संदिग्ध बिस्फोटक पदार्थलाई सुरक्षाफौजले सुरक्षित रुपमा निष्क्रिय पारेको थियो। विश्वका शक्ति सम्पन्न राष्ट्रदेखि शक्तिहीन र कमजोर राष्ट्रमाथि पनि आतंकवादीले आफ्नो निशाना बनाइरहेका छन्। अमेरिका नेतृत्वमा रहेको पश्चिमा शक्ति राष्ट्रको सैन्य गठबन्धन नेटोको शिखर सम्मेलनको ठीकअघि भएको यो हमलाले फेरि यी राष्ट्रले सञ्चालन गरिरहेको आतंकवादविरोधी अभियानमाथि प्रश्न चिह्न खडा गरिदिएको छ।

बेलायतको म्यानचेस्टरमा अमेरिकी पप गायिका एरियाना ग्रान्डेको कन्सर्ट सकिएलगत्तै २२ वर्षीय सलमान अबादीले आफैंलाई बिस्फोट गरी उडाउँदा अन्य २२ जना मारिए भने ६४ जना घाइते भएका छन्। बेलायती प्रहरीले म्यानचेस्टर एरिनामा भएको विस्फोटका पछि रहेको संदिग्ध नेटवर्कको खोजी गरिरहेको छ। यो क्रममा प्रहरीले सातौं गिरफ्तारी गरिसकेको छ। सो हमलामा संलग्न भएका भनिएका सलमानका बाबु र दाजु इस्माइललाई प्रहरीले आफ्नो हिरासतमा लिइसकेको छ। त्यति मात्रै होइन बेलायतले खोजी कार्यलाई तीव्र पार्नुका साथै खतराको स्तर अति गम्भीर भन्दै माथिल्लो स्तरमा पुऱ्याएर महत्वपूर्ण क्षेत्रमा सेनाको तैनाथी बढाइएको छ।

बेलायती अधिकारीले यसलाई लिएर कडा प्रतिक्रिया जनाएका छन् भने अमेरिकी राष्ट्रपतिले समेत यस विषयको निन्दा गरेका छन्। बेलायती चरमपन्थविरोधी प्रहरीका प्रवक्ताले यसलाई संसारमा गुप्तचर, कानुन र सुरक्षाक्षेत्रमा भरोसायोग्य सहयोगीसँगको सम्बन्ध बेकार बनाउनुजस्तै भएको टिप्पणी गरेका छन्। उनले चरमपन्थका विरुद्ध चलिरहेको जाँचका बीचमा अनाधिकारिक रूपमा जानकारी दिनुले धेरै नोक्सानी भएको समेत उल्लेख गरेका छन्।

बेलायतभर २३ हजार मुस्लिम अतिवादी जिहादी लडाकु बसोवास गरिरहेका छन्। बेलायतको राष्ट्रिय अनुसन्धान ब्युरोले आइतबार एक प्रतिवेदन सार्वजनिक गर्दै सो जानाकारी दिएको हो। बेलायतको राष्ट्रिय सुरक्षा सेवाले राजाधानी लन्डनको ह्वाइट हलमा एक पत्रकार सम्मेलनको आयोजना गरी सो जानकारी दिएको हो। म्यानचेस्टर हमलाको एक साताभित्र बेलायती प्रहरी र अनुसन्धान निकायले गरेको अनुसन्धान तथा अप्रेसन कारबाहीको क्रममा सरकारले जिहादीबारे सो तथ्य पत्ता लगाएको हो।

जिहादीले जुनसुकै वेला बेलायतमा आक्रमण गर्न सक्ने र उनीहरूलाई विभिन्न अतिवादी संगठनले प्रयोग गरेको राष्ट्रिय सुरक्षा सेवाले जनाएको छ। 'बेलायतमा रहेका जिहादी जुनसुकै वेला आफ्ना विरोधीको हत्या गर्न तयारी अवस्थामा छन्। उनीहरूलाई विभिन्न अतिवादी संगठनहरूले आत्मघाती आक्रमणका लागि प्रयोग गर्दै आएका छन्,' प्रतिवेदनमा भनिएको छ।



अतिवादीले म्यानचेस्टरमा गरेको हमलाको एक सातापछि सरकारले सो प्रतिवेदन सार्वजनिक गरेको हो। आक्रमणपछि बेलायतमा आतंकवाद जोखिमको तहलाई सबैभन्दा उच्च बिन्दुमा पुऱ्याइएको थियो। प्रहरी, सरकारी निकायका विज्ञहरूको समूह 'जोइन्ट टेरोरिज्म एनालिसिस सेन्टर'ले जोखिमको तह उच्च बिन्दुमा पुगेको भन्दै बकिङघम दरबार, डाउनिङ स्ट्रिट, विदेशी दूतावासहरू र वेस्टमिन्स्टरको सुरक्षामा सेना खटाउन सुझाब दिएको थियो। बिस्फोटको जिम्मा आइएसले लिएको छ।

म्यानचेस्ट आक्रमणसहित यो वर्ष बेलायतमा दुईवटा ठूला अतिवादी हमला भएका छन्। दुई महिनाअघि अतिवादीले वेस्टमिन्स्टरमा चक्कु हमला गर्दा पाँचजनाको मृत्यु भएको थियो। सरकारले म्यानचेस्टर आक्रमणका योजनाकार सलमान आबेदी र वेस्टमिन्स्टर हमलाका आक्रमणकारी खालिद मसुदबारे निगरानी बढाउन नसकेको राष्ट्रिय सुरक्षा सेवाले स्वीकार गरेको छ। आत्मघाती बम हमला निस्तेज गर्न बेलायती सुरक्षा निकाय सक्षम हुँदाहुँदै पनि प्रहरीले समयमै सुरक्षा सर्तकता नअप्नाएकाले ठूलो मानवीय क्षति भएको विश्लेषकहरूले बताएका छन्। प्रहरीले म्यानचेस्टर हमलापछि ११ जनालाई पक्राउ गरेको छ। अन्य शंकास्पद व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ।

अहिले बेलायतमा आक्रमण गर्ने आतंकवादी आक्रमणकारी म्यानचेस्टरका लिबियाली मूलको परिवारमा जन्मिएका अबादी स्यालफर्ड विश्वविद्यालयका पूर्व छात्र थिए। म्यानचेस्टर मेट्रोपोलिटन युनिभरसिटीसँग जोडिएका हामिद अल-सैदले सलमानको आफ्नो परिवारसँगको सम्बन्ध राम्रो नरहेको र उनको परिवारले उनलाई सही मार्गमा ल्याउनका लागि कोसिस गर्दा समेत असफल भएको बताएका छन्। उनी कट्टरपन्थी विचारबाट निर्देशित रहेको र आत्मघाती हमलावार हुनुलाई सही बताउने गर्दथे। उनको यही स्वभावका कारण अहिले उनले आफूसहित २२ जनाको ज्यान लिएका छन् भने परिवारले समेत समस्या भोग्नुपरेको छ। प्रहरीले भने उनीसहित आक्रमणमा अन्य संलग्न भएको आशंकामा खोजी र अनुसन्धान कार्यलाई अघि बढाए पनि अपेक्षित सफलता हात पार्न सकेको छैन। यद्यपि, यो हमलामा संलग्न अबादीले आफ्नो निर्देशनमा आक्रमण गरेको चरमपन्थी समूह इस्लामिक स्टेट (आईएस) ले दाबी गरेको छ

म्यानचेस्टर हमलापछि बेलायतमा ठप्प बनेका निर्वाचन प्रचार प्रसारका कार्य पुनः सुरु भएका छन्। बेलायतमा आगामी जुन ८ मा आम निर्वाचन हुने कार्यक्रम रहेको छ। गत वर्षको जुन २३ मा भएको जनमत



संग्रहको परिणाम स्वरूप युरोपेली संघ छाड्ने तयारीमा रहेको बेलायतले त्यसलाई अझ प्रभावकारी रूपमा अघि बढाउन नयाँ जनादेशका लागि जनतामा जान लागेको हो। ईयू छाड्न बेलायतले गत मार्चदेखि नै प्रक्रिया सुरु गरिसकेको छ। यो पूर्ण रूपमा पूरा हुन कम्तीमा पनि दुई वर्ष लाग्नेछ। अहिलेको आतंकवादी हमलाले बेलायतको यो निर्वाचनको प्रक्रियामा समेत असर पुऱ्याएको छ। निर्वाचनका गतिविधि सुरु भएकै दिन विपक्षी नेता जेरेमी कोर्बिनले खतरालाई बढ्ने भन्दा कम गर्ने प्रकारको विदेश नसीति तयार गर्ने बताएका छन्। 'घरमा आतंकवाद' प्रवेश गरेको अवस्थामा उनले यसप्रकारका खतराहरूलाई कम गर्ने नीति अख्तियार गर्ने बताएका हुन्। उनले भने, 'आतंकवादविरुद्धको लडाइँले मात्रै काम गरिरहेको छैन।'

आतंकवाद सभ्य समाज र मानवताका लागि एक कलंक हो। पछिल्लो समयमा विश्वमा किन आतंकवाद बढिरहेको छ र यसको दुष्परिणामलाई समाधानको उपाय के हुन सक्छ भनेर खोजी भइरहेको छ। पछिल्लो केही दशकमा आतंकवाद विश्वकैसामु एक नयाँ चुनौतीका रूपमा आएको छ। बिस्तारै यसले विश्वका केही देशलाई आफ्नो चपेटामा ल्याइसकेको छ। हरेक वर्ष आतंकवादका कारण हजारौं मानिसले आफ्नो ज्यान गुमाइरहेका छन् भने पछिल्लो दशकमा मात्रै आतंकवादका कारण विश्वमा करोडौं जनता विस्थापित हुँदा संसारका लागि नयाँ चुनौती थपिएको छ। आतंकवादले अनगिन्ती मानिसको घरबार उजाडिएको छ भने धनसम्पत्तिको नोक्सानी, जनजीवन अस्तव्यस्त, संसारमा भयको वातावरण निर्माण हुँदा आतंकवाद मानव सभ्यता र सभ्य समाजका लागि ठूलो कलंक बन्न पुगेको हो। विश्वमा दोस्रो विश्वयुद्धपछि अमेरिका र रुसबीच लामो समय शीतयुद्धको अवस्था कायम रह्यो सन् १९८० को दशकमा अमेरिका र रुसबीचको सम्बन्धमा छाएको बादल फाट्दै गयो र सम्बन्धका हातहरू बढ्न थालेका थिए।

सन् १९९० को दशकको सुरुमा नै सोभियत संघको विघटनपछि विश्वमा शक्ति सन्तुलनमा फेरबदल आई विश्व एक ध्रुवीय बन्न पुग्यो। यो समयमा नै विश्वभरि अमेरिकाले आफ्नो योजना र नीतिमार्फत विश्वमा आफ्नो प्रभाव जमाउन थाल्यो। यो कालखण्डमा अमेरिकाका पछि लाग्नुपर्ने धेरै देशका अघि बाध्यता आइपऱ्यो। जो अमेरिकाको पक्षमा खुलेर लागेनन्, ती राष्ट्रहरू अमेरिकी नजरमा तल परे। विश्वमा साम्राज्यवादी शक्तिको बोलबाला चल्दै जाँदा आतंकवाद जन्मिनुमा उर्वर अवस्थाको सिर्जना भयो। यही समयदेखि विश्वमा विभिन्न स्वरूपमा आतंकवाद सतहमा आयो। आतंकवाद बाहिर आउनुमा पछिल्ला केही दशकमा विश्वमा रहेका अनियन्त्रित हतियारसमेत प्रमुख कारण हुन्। कुनै समयमा हतियार यति सस्ता र सर्वसुलभ थिएनन्। यस्ता घटनाहरू यही नै हो भनेर औंल्याउन सकिँदैन, तर सुनियोजित रूपमा यस्ता घटनाहरू हुने गरेका पाइन्छन्।

आतंकवाद अब कसैको निजी मामला रहेन। मानव सभ्यतामाथिकै प्रहारका रूपमा लिइएको आतंकवादी समस्या समाधानका लागि अब विश्वले नयाँ एकता पैदा गर्नुपर्ने आवश्यकता देखाएको छ। यो दशक मध्यपूर्वमा फैलिएको हिंसा र त्यसको प्रभाव तथा त्यहाँबाट गएका आप्रवासीलाई शरण दिएको युरोपका विभिन्न राष्ट्रमा ठूला प्रकारका आतंकवादी हमलाहरू भएका छन्। यस प्रकारका हमलामा आतंकवादी समूह इस्लामिक स्टेट (आईएस) को संलग्नता रहने गरेको पाइएको छ। गत वर्ष मात्रै फ्रान्सको निस सहरदेखि बेल्जियम, जर्मनी, बेलायतका केही ठूला सहर आतंकवादी हमलाको सिकार भए भने अमेरिकामा समेत गत वर्ष केही ठूला प्रकारका आतंकवादी हमलाहरू भए। ओर्ल्यान्डोमा नाइट क्लबमा भएको आक्रमणमा सबैभन्दा धेरै ४९ जनाले ज्यान गुमाएका थिए भने केही समयअघि मात्रै रुसको सेन्ट पिटर्सबर्गमा आतंकवादी हमलामा दर्जनबढीको ज्यान गयो। यस प्रकारका आतंकवादी हमलाका कारण आम जनतामा नै आतंकवादप्रति तीव्र घृणा पैदा भएको छ।

आतंकवादविरुद्ध अमेरिकासहितको पश्चिमा देशको सैन्य गठबन्धन नेटोसहित रुस, साउदी अरबसहित धेरै देशहरूले ठूलो लगानी गरिसकेका छन्। यद्यपि, लगानीअनुसारको प्रतिफल आउन सकेको अवस्था छैन। अमेरिकी सेनाले आतंकवादविरुद्ध अफगानिस्तानमा आफ्नो कारबाही केन्द्रित गरेको छ भने इराकका मोसुलमा समेत ठूलो कारबाहीको नेतृत्व अमेरिकाले नै लिएको छ। सिरिया, यमनसहितका राष्ट्रमा रुस र साउदीले समेत यस्ता आतंकवादी समूहविरुद्ध आफ्ना गतिविधि केन्द्रित गरेको बताउँदै आएका छन्। अहिले पनि अफगानिस्तान, पाकिस्तान, यमन, सिरिया, इराक, सुडान, नाइजेरियासहितका राष्ट्रमा आतंकवादीहरूको ठूलो प्रभाव रहेको छ भने युरोप र अमेरिकी राष्ट्रमा समेत आतंकवादी क्रियाकलाप बढिरहेका छन्।

अमेरिकाको अर्थतन्त्रतको एउटा ठूलो स्रोत हो हतियार कारोबार। रुसले समेत बर्षेनि झन्डै अमेरिकाकै हाराहारीमा हतियार बिक्री गर्ने गरेको छ। यी दुवै देश विश्वमा निकै अत्याधुनिक हतियारद्वारा लैस राष्ट्रहरू हुन्। अमेरिकी र रुसी गठबन्धनमा सामेल भएका या नभएका हरेक राष्ट्रहरूमा समेत यी देशमा बनेका हतियारहरू पुग्ने गरेका छन् भने युरापेली केही मुलुकहरू हतियारमा आफैं सक्षमसमेत रहेका छन्। पहिलो कुरा एउटा आतंकवादको अन्त्यका नाममा हुने युद्धमा समेत यस्तै हतियारहरू प्रयोग हुनु दुःखद कुरा हो। मानवताको कलंकका रूपमा आतंकवादलाई परिभाषित गर्ने राष्ट्रहरूमा नै बनेका हतियार आतंकवादीको हातमा पुगेका अवस्थामा त्यसको कसरी प्रतिवाद गर्ने भन्ने कुरा कठिन बन्न जान्छ। दोस्रो कुरा आतंकवादविरोधी अभियानमा संलग्न राष्ट्रहरूले जुन देशमा आतंकवाद अन्त्यका लागि अभियान सञ्चालन गऱ्यो त्यो देशमा नै सबैभन्दा बढी आतंकवादी प्रभाव बढ्ने कुरा झनै समीक्षा गर्नलायक विषय हो।

अमेरिका नेतृत्वको गठबन्धनले अफगानिस्तानमा तालिबानविरुद्ध आक्रमण गऱ्यो, तर अहिले झनै अफगानिस्तानमा तालिबान र आईएसका गतिविधिका कारण समाजमा अर्को चुनौती थपिएको छ। इराकमा अमेरिकी आक्रमणपछि अहिले त्यहीबाट जन्मिएको आईएस विश्वको पहिलो चुनौती बनेको छ। यी राष्ट्रबाट उदाएको आतंकवादले विश्वमै नयाँ चुनौती खडा गर्नु तथा अफ्रिका, मध्यपूर्व, एसियामा आतंकवादसँगै दैनिकी बित्नुले हाल भइरहेको आतंकवादविरोधी अभियानको अप्रभावकारितालाई संकेत गर्दछ।

संवेदनशील सुरक्षा अवस्था

प्रधानमन्त्री टेरेसा मेले बेलायत आतंकवादी खतराको 'उच्च संवेदनशील अवस्थाबाट सुधारोन्मुख दिशा'मा अघि बढेको भए पनि अझै संवेदनशील रहेको बताएकी छिन्। म्यानचेस्टर हमलापछि सुरक्षा अवस्थालाई मूल्यांकन गर्दै प्रधानमन्त्री मेले भनिन्,'अब राष्ट्रको सुरक्षास्थिति 'अतिसंवेदनशीलबाट संवेदनशील अवस्था' मा आइपुगेको छ।' राष्ट्रव्यापी सुरक्षाको स्थितिलाई पहिला घोषणा गरिएको नाजुक अवस्थाको श्रेणीबाट झारी कठोर अवस्थाको श्रेणीमा झारेकी छिन्। *एजेन्सीहरुबाट*

## रोचक संसार

### १२ सय मानिस ढालेर विश्व किर्तिमान



मात्र एक धक्कामा १२ सय जना मानिसलाई एकसाथ लडाउनु कुनै चानचुने काम होइन। अमेरिकामा वर्ल्ड रेकर्ड कायम गर्नका लागि एक झट्कामा १२ सय मानिसलाई लडाइएको छ, त्यो पनि गद्दा माथि। गद्दाको चर्चित ब्राण्ड आरोनले विश्व किर्तिमान कायम गर्नका लागि यस्तो कार्यक्रमको आयोजना गरेको हो।

उक्त खेललाई डोमिलोज भनिन्छ। जहाा एक पंक्तिमा वर्गाकार वा आयताकार टाएल्स खडा गरिएको हुन्छ। त्यसपछि सुरुको टाएललाई धक्का दिइन्छ। पहिलो टाएल धक्काले दोश्रो टाएलमाथि लड्दछ र दोश्रोलाई पनि लडाउाछ। त्यसरी दोश्रोले तेश्रोलाई, तेश्रोले चौथोलाई गर्दै अन्तिम सम्म ठडिएका टाएलहरु लड्दछन्।

विज्ञानमा यसलार्य डोमिनो इफेक्ट भनिन्छ। आरोन कम्पनीले विज्ञानको यहीा डोमिनो इफेक्टलाई मानिसमा लागू गरेर देखाएको हो।

आरोनका इलेक्ट्रोनिक्स तथा उपकरण विभागका कर्मचारीहरु मिलेर उक्त रेकर्डधारी कार्यक्रम सम्भव तुल्याए। ७ हजार वर्ग फुटमा ३४ वटा पंक्तिमा आफ्नो गद्दालाई पछाडि राखेर कर्मचारीहरु उभिए। पंक्तिको सुरुमा उभिएको कर्मचारीलाई धक्का दिएर ढालेसागै १३ मिनेट ३८ सेकेण्डमा तासका पत्ति झैं पूरै १२ सय कर्मचारी ढले।

यसअघि यस्तो किर्तिमान जर्मनीको एक कम्पनीले बनाएको थियो। तर अमेरिकी कम्पनीले उक्त किर्तिमान भंग गर्यो। किर्तिमानी कार्यक्रममा प्रयोग गरिएका १२ सय गद्दा निशुल्क वितरण गरियो।

### १० वर्षमै २ सय किलो तौल



फास्टफूडले बच्चा तथा वयस्क सबैको स्वास्थ्यमा असर पारिरहेको छ। डाक्टरहरु पनि बच्चाहरुलाई फास्टफूडबाट टाढै राख्न सल्लाह दिन्छन्। तर फास्टफूडको स्वादका कारण बच्चाहरु फास्टफूडहरु प्रति लत नै बसाल्छन्। इण्डोनेसियामा दश वर्षको एक बालकको पनि चाउचाउ र कोकाकोलामा लत बसेको छ। सोही लतका कारण खाँदा खाँदा उनको जिउको वजन २ सय किलो पुगेको छ। अत्यधिक मोटोपनाका कारण ती बालक न त स्कुल जान सक्दछन् न त राम्रोसँग हिँडडुल नै गर्न सक्छन्। आर्य मोसन्त्री नामका ती बालक चाउचाउ, भात, मासु, माछा, कोकाकोला लगायतका खानेकुरा निरन्तर खाइरहन्छन्।

यति धेरै खाँदा पनि उनलार्य भोक लागिरहन्छ। डाक्टरले उनको स्वास्थ्य जाँच गरी मांसाहारी भोजन नगर्न सल्लाह दिए, तर त्यसो गर्दा पनि उनको वजन घटेन। अन्ततः डाक्टरहरुले उनको शल्यक्रिया गर्नुपरेको छ।

आर्यकी आमा रकैयाका अनुसार उनले ३ जना मानिसले बराबर खानेकुरा खान्छन्। उनको गत अप्रिल १७ मा पहिलेपटक सर्जरी गरी ९ किलो वजन घटाइयो। अहिले उनको तौल थप १६ किलो घटिसकेको छ।

### रेजरले दाह्री खौरिने बाँदर

सोसल मिडियामा हालैका दिनहरुमा एउटा भिडियो भाइरल बनिरहेको छ। जसमा रातो रङको टिसर्ट तथा खुट्टामा कार्टून क्यारेक्टरवाला जुत्ता पहिरिएको एउटा बाँदरले इलेक्ट्रिक शेवर मेसिनले दाह्री खौरिरहेको छ। पहिलोपटक इन्स्टाग्राममा गत बुधबार यो भिडियो अपलोड गरिएको थियो। भिडियोमा देखिएको बाँदर घरपालुवा हो। बाथरुमभित्र कोही मानिसले उक्त बाँदरको दाह्री खौरिरहेको छ। बाँदर उभिएर आरामसँग



आफ्नो दाह्री खौरिन दिएको छ। दाह्री मात्र होइन यो बाँदरको हेयर स्टाइल पनि निकै फरक छ। यो बाँदरको सैनिक स्टाइलको हेयर कटिङ खुबै सुहाएको छ। एकातर्फ दाह्री खौरिसकेपछि बाँदरले बडो स्टाइलले अर्कोतर्फ मुख फर्काउँछ। सेभिङ सकिएसँगै उसले स्टाइल मार्न सुरु गरिहाल्छ।

### एकसाथ ६ सन्तान

अमेरिकाको रिचमन्डमा बस्ने यो जोडीले पछिल्लो १७ वर्षदेखि आमा बाबु बन्न लामो



प्रतिक्षा गरिरह्यो। अन्ततः ११ मे २०१७ का दिन यो दम्पतिको खुसीको ठेगाना रहेन, जब उनीहरुले पहिलोपटक सन्तान लाभ गरे।

वास्तवमा उनीहरुले बच्चा जन्मिने आशा मारिसकेका थिए। तर आखिर जे हुनु न थियो, त्यो भैहाल्यो। नाइजेरियाली मुलकी पत्नी अजिबोला ताइवो र पति एडबोय लामो प्रतिक्षापछि आमाबुवा बने। तर एकसाथ ६ बच्चाको।

पहिलोपटक गत नोभेम्बरमा अजिबोलाको गर्भमा रहेको बच्चाको धड्कन सुनेका थिए उनीहरुले अल्ट्रासाउण्डका क्रममा। सुरुमा पेटमा चारवटा बच्चा रहेको जानकारी उनीहरुले पाएका थिए। तर रहेछन् ६ वटा। गर्भ रहेको कुराले खुसीको ठेगान थिएन।

अन्ततः गत मे ११ का दिन अजिबोला सुत्केरी भइन्, एकसाथ ६ वटा बच्चा जन्माइन्। जसमध्ये ३ वटा छोरा र ३ वटा छोरी थिए। ३० हप्ता २ दिनको गर्भपछि रिचमन्डको बाल अस्पतालमा ४० जना डाक्टरहरुले अथक शल्यक्रिया गरी अजिबोलाको पेटमा रहेका ६ बच्चा निकालेका थिए। तर दुखको कुरा बच्चाहरुको तौल अत्यन्तै कम थियो। बच्चाहरुको तौल सात सय ग्राम देखि डेढ किलो सम्म मात्र थियो। दुई जना बच्चाको स्वास्थ्य अवस्था त निकै नाजुक थियो।

### परेवा पनि तस्करीमा

परापूर्व कालमा परेवाले चिठी तथा सन्देश आदान प्रदान गर्ने काम गर्दथ्यो। तर अब चाहीँ परेवालाई लागु औषध तस्करीमा प्रयोग गर्न थालिएको छ। लागु औषधसहित



एक परेवा रंगेहात पक्राउ परेपछि यसको खुलासा भएको हो।

कुबेतमा लागुऔषधका झण्डै २ सय गोली सहित एउटा परेवा पक्राउ परेको छ। परेवाको पिठ्युँमा लुकाइएको अवस्थामा यति ठूलो परिमाणमा लागु औषध बरामद भएको हो। उक्त परेवालाई इन्टर सिटी अफिसको छतमा उडिरहेको अवस्थामा देखेपछि मानिसहरुलाई शंक लाग्यो। परेवाको पखेटामाथि पिठ्युँमा अस्वभाविक उठेको भाग थियो। त्यसपछि परेवालाई समाइयो। जब उसको पिठ्युँमा लागु औषधका गोलीहरु भेटिए तब सबै छक्क परे। इन्टरनेट प्रयोगकर्ताहरुले यसरी लागु औषध तस्करीमा प्रयोग हुने परेवालाई खतरनाक भनेका छन् र यसलाई र्याट्स अफ द स्काई नाम दिएका छन्। परेवाको पिठ्युँमा राखेर कसले लागु औषध ओसारपसार गरेको हो भन्ने चाहीँ खुलेको छैन।

### मानिसलाई पढ्ने पुस्तकालय

सुजाताले आजै एउटा किताब पढिन्। यस्तो किताब, जसले पाठकसँग कुरा गर्नसक्दछ र जो सँग पाठकले आफ्ना इमोशन शेयर गर्न सक्दछ। उक्त किताबको नाम हो, ह्युम बुक अर्थात् मानव पुस्तक र तपाइँ पनि यो पुस्तक पढ्न सक्नुहुन्छ। अनि आफ्नो जिवनका तमाम अनुभव र रहस्यहरु ऊसँग शेयर गर्न सक्नुहुन्छ।

मानव पुस्तकालय तयार गर्ने एक वृहत अवधारणाबाट मानव पुस्तकको अवधारणा आएको हो। ह्युमन लाइब्रेरी मूल रुपमा एक कार्यक्रम हो जसमा पाठकका रुपमा आएका मानिसहरुले आफ्नो मनपर्ने किताब (मानव पुस्तक) छनोट गर्दछन् र सोही मानव पुस्तक पढ्दछन्। मानव पुस्तकसँग बोलेर पढ्नका लागि पाठकलाई ३० मिनेटको समय दिइन्छ। मानव पुस्तकको छनोट चाहीँ पाठकको कुनै खास क्षेत्रको अनुभवको आधारमा गरिन्छ।

सहरी जिवनमा जहाँ मानिसहरु जुनसुकै समय अन्जान त्रासबाट घेरिएका हुन्छ, यस्तो परिस्थितिमा मानिसहरु आफ्ना अन्तरंग भावनाहरु मानव पुस्तकरुपी एक अपरिचित मानिससँग शेयर गर्दछन्। यो अवधारणामा अपरिचित मानिसहरु सहभागी हुनु नै यसको खास विशेषता हो। आमसञ्चारका विद्यार्थी हर्षद फादका अनुसार मानव पुस्तकको यो अवधारणा डेनमार्कको कोपनहेगनबाट भारतको इन्दौर हुँदै हैदराबाद पुगेको हो।

*एजेन्सीहरुबाट*

प्रेरक

## पहिलो परीक्षा



महान् वैज्ञानिक थोमस अल्वा एडिसन निर्धन परिवारमा जन्मिएका थिए । उनको सानै उमेरदेखि विज्ञानप्रति झुकाव थियो । उनी आफ्नी आमासँग भन्ने गर्थे– 'म वैज्ञानिक बन्न चाहन्छु ।' तर विज्ञान पढाउने क्षमता उनकी आमासँग थिएन । उनले एडिसनलाई एउटा वैज्ञानिकको प्रयोगशालामा पुऱ्याइन् र भनिन्– 'यो केटा वैज्ञानिक बन्न चाहन्छु भन्छ, यसलाई विज्ञान पढाउने सामर्थ्य मसँग छैन, मेरो आर्थिक अवस्था कमजोर छ । तपाईंले यसलाई काममा लगाएर यसको पढाइ पनि गरिदिए धेरै राम्रो हुन्थ्यो ।'

ती वैज्ञानिकले एडिसनलाई काममा अह्राए– 'बाबु ल त तिमी यो प्रयोगशाला सफा गर ।' एडिसनले कुचो लिएर प्रयोगशाला सफा गर्न थाले । उनले बढारेर प्रयोगशाला मात्र सफा गरेनन्, अव्यवस्थित ढंगले कक्षाभित्र राखिएका मालसामानहरू पनि चटक्क मिलाए ।

प्रयोगशाला कक्ष शानदार देखियो । एडिसनको काम देखेर ती वैज्ञानिक साह्रै खुसी भए । एडिसनले उनकी आमासँग भने– 'ठीक छ तपाईं जानोस्, यो केटा मसँगै बस्छ । मलाई थाहा छ जुन व्यक्ति सफा र व्यवस्थित हुन्छ, त्यो अवश्य वैज्ञानिक बन्न सक्छ ।' ती वैज्ञानिकले लिएको पहिलो परीक्षामै एडिसन उत्तीर्ण भए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिअनुसार चल्न नसक्दा अलि दुःख पाइनेछ । हतारको निर्णयले काम बिग्रन सक्छ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुऱ्याउन सक्छन् । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । अरूको फाइदाका लागि उपयोग भइने सम्भावना छ । मान्यजनको मन जित्ने प्रयत्न गर्नुहोला । आमाको सहयोगले फाइदा उठाउन सफल भइनेछ ।

### बृष

नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ । प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

### मिथुन

सिर्जनात्मक कौशल तथा लेखन शैलीमा निखारता आउनेछ । तर अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ । अल्छीपनाले पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला । व्यापार-व्यवसायमा समेत सोचेको फाइदा नउठ्ने देखिन्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन निकै मिहिनेत गर्नुपर्ला । निराश नहुनुहोस्, मौका पर्खंदा स्थितिमा सुधार आउन सक्छ ।

### कर्कट

पहिलेको सफलताले महत्वाकांक्षा बढ्न सक्छ । तर व्यवहारमा केही चुनौतीहरू देखा पर्नेछन् भने अप्ठ्यारो परिस्थिति पनि सामना गर्नुपर्ला । आफ्नो क्षेत्रमा अरूले अधिकार जमाउन सक्छन् । खानपान र भेटघाटमा अलमलिनाले चिताएका काममा बाधा पुग्न सक्छ । तापनि मिहिनेत गर्दा पछिका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ ।

### सिंह

समयमा होस नपुग्नाले खर्च बढ्नेछ । ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ । तर खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दुःख पाइएला । परिवारजनबाट समेत टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । आफ्नै कमजोरीले विवाद निम्त्याउनेछ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

### कन्या

नयाँ जिम्मेवारी प्राप्त हुनुका साथै काममा ठूलै फड्को मार्न सकिनेछ । मनग्गे धनलाभ हुनाले पारिवारिक आवश्यकता पूर्ति हुनेछ । रोकिएको काम बन्नेछ भने आयस्रोत समेत बढ्ने समय छ । साझेदारी र सट्टापट्टामा विशेष लाभ मिल्न सक्छ । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धन उपयोग गर्दा पनि फाइदा हुनेछ । सोचेभन्दा बढी नै लाभ हुने सम्भावना छ ।

### तुला

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

### वृश्चिक

नसोचेको अवसरले नयाँ जिम्मेवारी दिलाउन सक्छ । टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै दिगो लाभको संवाहक बन्न सक्छ । शुभचिन्तकहरू प्रशस्तै फेला पर्नेछन् । चुनौतीहरू स्वतः हट्नेछन् भने कर्मयोग र आम्दानीले पछ्याउनेछन् । धेरैले आफ्ना कामको तारिफ गर्नेछन् । पदीय जिम्मेवारी प्राप्त हुन सक्छ । मान-प्रतिष्ठा कमाउने बेला छ ।

### धनु

समयमै गम्भीर नबन्दा समस्या थपिएला । आफ्नै कमजोरीले इष्टमित्र टाढिएलान् । स्वास्थ्य कमजोर बन्नुका साथै उपचारमा खर्च हुन सक्छ । हुलमुलमा धनमाल गुम्न सक्छ । तापनि बिग्रिएको काममा दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा उठाउन सकिनेछ । मिहिनेत गर्दा सामान्य लाभ अवश्यै हुनेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला ।

### मकर

परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ । लोकाचारका लागि फजुल खर्च हुन सक्छ । समस्या पर्दा साथ दिनेहरू थोरै हुनेछन् । तापनि प्रेम र मित्रताको बन्धनले परोपकारी काममा जुटाउनेछ । अतिथिका रूपमा मानसम्मान समेत प्राप्त हुनेछ । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ ।

### कुम्भ

द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । योजना गोप्य राखेर अघि बढ्नुहोला, बिस्तारै फाइदा हुनेछ । चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । प्रतिस्पर्धामा पनि विजयी भइनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ ।

### मीन

आँटले सजिलै लक्ष्यमा पुऱ्याउनेछ । सुखद समाचारले आजको दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । प्रतिष्ठित काम सम्पादन गर्ने समय छ । व्यापार, पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ । दिगो फाइदा हुने काम सम्पादन गर्न सकिनेछ । काम गर्दा होसियारी अपनाउनु वेश होला ।

## "कुटुमा कुटु" भिडियो सार्वजनिक

भदौ २३ गतेबाट रिलिज हुन लागेको चलचित्र '२ रुपैयाँ' मा समावेश 'कुटुमा कुटु' बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । असिम शाहको निर्देशनमा तयार भएको यो चलचित्रको लोक लयमा आधारित गीतमा निर्देशक निश्चल बस्नेत र नायिका स्वस्तिमा खड्काले नृत्य गरेका छन् । निश्चल र स्वस्तिमालाई दर्शकले पहिलो पटक पर्दामा देख्न पाएका हुन् । ए जी टु वान प्रोडक्शन र ब्लाक हर्स पिक्चर्सको संयुक्त ब्यानरमा यो चलचित्र निर्माण भएको हो । यो गीतमा चलचित्रका मुख्य कलाकार आशिफ शाहलाई पनि देख्न सकिन्छ । चलचित्रमा निश्चल र आसिफको मुख्य भूमिका छ । राजनराज सिवाकोटीको शब्द तथा संगीतमा तयार भएको यो गीतमा राजन इशान र मेलिना राइको स्वर छ । यो गीतको भिडियोलाई शिवराम श्रेष्ठले खिचेका हुन् । कमेडी कथामा यो चलचित्र निर्माण भएको छ ।



## विल्सन पुरस्कृत



चर्चित हाँस्य कलाकार विल्सनविक्रम राईलाई नेपाल सरकारले 'प्रवल जनसेवा श्री पदक' प्रदान गरेको छ । पुरस्कृत भएपछि कलाकार राईले भने– 'मैले यो पुरस्कार प्राप्त गर्न लागेको त केही समय अगाडि नै थाहा थियो । किनकी, पहिले नाम घोषणा गरेर त्यसको केही समयपछि पुरस्कार प्रदान गरिन्छ । तर, कार्यक्रम कहिले र कहाँ हुने भन्ने जानकारी रेडियो नेपाल, गोरखापत्र र नेपाल टेलिभिजनबाट दिइदोरहेछ । मलाई राष्ट्रपति ज्यूको हातबाट यो पुरस्कार प्रदान गरिदैछ भन्ने जानकारी नै थिएन । तर, फेसबुकमा केही सरकारी कर्मचारीहरुले पुरस्कार ग्रहण गर्न जान लागेको भन्दै तस्बिर पोष्ट गरेपछि मैले नी थाहा पाएँ । यसपछि, हतार-हतार गरेर म राष्ट्रपति भवन पुगेँ । पदक पाएपछि, राष्ट्रपति ज्यूलाई उहाँको सहयोगीले मेरो परिचय दिन लाग्नु भएको थियो । उहाँले भन्नुभयो- 'म उहाँलाई चिन्छु । टेलिभिजनमा धेरै पटक देखेकी छु । अझै जनतालाई हसाँउदै जानुहोला ।' मलाई अहिले छुट्टै खालको महसुस भैरहेको छ । राम्रो काम गर्दा राज्यले पनि हेर्दोरहेछ भन्ने लागेको छ ।

## "जोनी जेन्टलम्यान" को प्रदर्शन मिति सऱ्यो

नायक पल शाह र नायिका आँचल शर्माको मुख्य भूमिका रहेको चलचित्र 'जोनी जेन्टलम्यान' को प्रदर्शन मिति जेठबाट पछाडि सारिएको छ । जेठ १९ गतेबाट रिलिज हुने भनी घोषणा गरिएको यो चलचित्र अब भदौ ३० गतेबाट रिलिज हुने भएको हो ।

स्थानीय तहको निर्वाचनका कारण नेपाली चलचित्रको व्यापार खस्किरहेको कुरालाई मध्यनजर गर्दै चलचित्रको प्रदर्शन मिति ३ महिना पर सारिएको हो । नितिन चन्दले निर्देशन गरेको यो चलचित्रको २ वटा गीत सार्वजनिक भैसकेको छ ।

एनड्रिउ पौडेलको लगानीमा तयार भएको यो चलचित्रको चर्चा अहिले पल र आँचलको प्रेमका कारण बढी छ । बिग्रिएको जोनी कसरी जेन्टलम्यान बन्छ भन्ने कथालाई यो चलचित्रमा उठान गरिएको छ ।

## "पर्व" र "हिटलर" चर्चामा

गएको शुक्रवारबाट अल नेपाल प्रदर्शनमा आएका दुई नेपाली फिल्म 'पर्व' र ' हिटलर' ले अहिले सिनेमा हलमा सुखद व्यापार गरिरहेका छन् । नम्रता श्रेष्ठ र कोसिस क्षेत्री स्टारर फिल्म 'पर्व' ले प्रदर्शनको तीन दिनमा करोड ग्रसको कमाई गरेको छ भने 'हिटलर' को बिजनेस रिपोर्ट प्राप्त भएको छैन् ।

'पर्व' का निर्माता निर्माता सुवास गिरीले बलियो वर्ड अफ माउथका कारण फिल्मले सुखद व्यापार गरेको जानकारी दिए । उनले ३ दिनमा फिल्मले १ करोड ग्रसको व्यापार गरेको जानकारी दिदै एक सातामा लगानी सुरक्षित हुने जानकारी दिए । दिनेश राउतको निर्देशनमा तयार भएको यो फिल्ममा नम्रता श्रेष्ठ, कोसिस क्षेत्री, माला लिम्बू, जेबिका कार्की लगायतका कलाकारको अभिनय छ ।

त्यस्तै, 'हिटलर' का निर्देशक ढकालले फिल्मको व्यापार औषत रहेको जानकारी दिए । उनले भने, 'फिल्म हेर्ने दर्शकले मन पराउनु भएको छ । वर्ड अफ माउथले व्यापार बढ्नेमा आशावादी छौं ।' अष्टनारायण पिक्चर्सको ब्यानरमा निर्माण भएको यो फिल्ममा सोहित मानन्धर, मेनुका प्रधान, ए गुरुङ, नव-नायिका सामिया बर्तौलाको मुख्य भूमिका छ । फिल्म हेर्ने अधिकांश दर्शकले कलाकारद्वय मेनुका प्रधान र ए गुरुङलाई रुचाएका छन् ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Subside = घट्दै वा किनारा लाग्दै जानु After taking medicine for three days, his fever began to subside (तीन दिनसम्म औषधि सेवन गरेपछि उसको ज्वरो घट्न सुरु गऱ्यो)

Trite = उस्तै लाग्ने नौलोपन नहुनु Because of the trite many viewers turn off the television channel frequently (उस्तै लाग्ने कार्यक्रम भएको (नौलो कार्यक्रमको अभावको) कारण धेरै दर्शकहरूले टेलिभिजनको च्यानल छिटोछिटो परिवर्तन गर्दछन्)

Unrequited = बराबरीको व्यवहारको अभाव She rebuked her boy friend for his unrequited love (आफूले दर्शाएको जति प्रेम नदर्शाएकोमा उनी आफ्नो प्रेमीप्रति क्रोधित भइन्)

Vitiate = प्रभावहीन बनाउनु, धमिल्याउनु The pollution has vitiated the atmosphere of inner city (प्रदूषणले भित्री सहरको वातावरण धमिल्याइदिएको छ)

Wont = चलन, बानी I like very much her wont of jogging half an hour everymorning (हरेक बिहान आधा घण्टा दौडने उनको बानी मलाई ज्यादै मनपर्छ)

Arduous = कडा It is beyond his capacity to perform such an arduous task (यति कडा काम सम्पन्न गर्नु उसको क्षमताभन्दा बाहिरको कुरा हो)

Bristle = ठाडो हुनु If you cut your hair very short, it bristles (यदि तिमीले आफ्नो कपाल धेरै छोटो पारी काट्यौ भने यो ठाडो हुन्छ)

Convoluted = घुमाउरो पाराको He is expert in making convoluted argument ऊ घुमाउरो तर्क दिन खप्पिस छ)

Disparate = फरक He and his father have disparate beliefs about religion (ऊ र उसको बाबुबीच धर्ममा विश्वास गर्ने वा नगर्ने भन्ने विषयमा फरक मत छ)

Extrude = उक्काउनु I use all my efforts but could not extrude this plastic (मैले सबै खाले प्रयत्न गरेँ तर पनि यो प्लास्टिक उक्काउन सकिनँ)

Frivolous = हल्का पाराको, गम्भीरताको नभएको He is already 32 years old but still quite frivolous (३२ वर्षको उमेर भइसक्दा पनि उसमा गम्भीरताको अभाव छ)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

सबभन्दा थोरै भूकम्प जाने ठाउँ कुन हो ? • क्यालिफोर्निया

जलस्रोतको दृष्टिले विश्वमा दोस्रो स्थानमा रहेको देश कुन हो ? • नेपाल

आफ्नो देशको हुलाक टिकटमा चराको चित्र अंकित गर्ने पहिलो देश कुन हो ? • स्वीट्जरल्यान्ड

कंगारूको भूमि भनेर कसलाई भनिन्छ ? • अष्ट्रेलिया

अंग्रेजी भाषामा सबभन्दा कम प्रयोग हुने अक्षर कुन हो ? • **Q**

कुन जनावरको शरीरमा पित्तशय हुँदैन ? • उँट

सबभन्दा बढी जलस्रोत भएको देश कुन हो ? • ब्राजिल

अमेरिकामा अस्पताल खोल्ने पहिलो व्यक्ति को हुन् ? • बेन्जामिन फ्रेन्कलिन

हप्तामा ६ दिन बग्ने नदीको नाम के हो र कुन देशमा छ ? • नहर मल अमा, इजिप्ट

आफैं बल्ने ग्यास कुन हो ? • हाइड्रोजन

आइमाइदेखि डराउने रोगलाई के भनिन्छ ? • गाइनोफोबिया

नेपालमा चार कुने मुद्रा चलाउने राजा को हुन् ? • प्रताप मल्ल

काष्ठमण्डप बनेको काठको नाम के हो ? • सुरतरू

कैंचीको आविष्कारक को हुन् ? • लियो नार्दो भिन्ची

अँध्यारोदेखि डराउने रोगलाई के भनिन्छ ? • नाइटोफोबिया

मुटुको खुम्चिने क्रियालाई के भनिन्छ ? • सिस्टोल

आफ्नो जीवनभरमा जम्मा तीन पटक मात्र नुहाएका राजा को थिए र कुन देशका थिए ? • लुई चौथो, फ्रान्स

किरा फट्याङ्ग्राहरू खाने बिरूवाको नाम के हो ? • पिचर प्लान्ट

नांगी युवती जस्तै देखिने वनस्पतिको नाम के हो ? • नेकेड लेडिज

पहिलो पटक ओलम्पिकमा पदक पाउने नेपाली को हुन् ? • विधान लामा

चन्द्रमामा रहेको सबैभन्दा अग्लो टाकुराको नाम के हो ? • डार्फल पिक

## फरक थाहा पाई राख्नुहोस्

Pardon = आफूलाई दोषी बनाएर क्षमा माग्ने I beg a pardon, I could not understand what you mean माफ गर्नुहोला मैले तपाईंले भनेको बुझ्न सकिनँ ।

Apologize = दोस्रो व्यक्तिले गरेको भूलको लागि आफूले तेस्रो व्यक्तिसँग क्षमा माग्ने I know that my brother did not behave with you well, I apologize for this मलाई थाहा छ, मेरो भाइले तिमीसँग राम्रो व्यवहार गरेन, यसका लागि म तिमीसँग माफी माग्छु ।

Apparent = स्पष्टै हुनु It is apparent that he will pass the examination उसले परीक्षा उत्तीर्ण गर्दछ भन्ने कुरा स्पष्टै छ ।

Evident = वास्तविक The struggle he did for his education was evident शिक्षाका लागि उसले जुन संघर्ष गऱ्यो त्यो वास्तविक थियो ।

Appraise = मूल्यांकन गर्नु After appraising your performance we will decide whether to reward or punish तिम्रो कार्यक्षमताको मूल्यांकनपछि मात्रै दण्ड पुरस्कार के गर्ने हो, त्यस्को निर्णय गर्ने छौं ।)

Apprise = सूचना दिनु, थाहा दिनु He apprised me of his problem only yesterday हिजो मात्र उसले मलाई आफ्नो समस्याबारे थाहा दियो ।

Accusation = गल्ति गरेकोमा दोष लगाउनु Try to prevent accusation to an innocent person! निर्दोष व्यक्तिलाई दोष लगाउनबाट रोक ।

Recrimination = उल्टो दोष लगाउनु Let's not indulge in recrimination rather settle our dispute amicably हामी एकअर्कालाई दोष नलगाऔं बरु विवादलाई मैत्री भावले निप्ट्याऔं ।

Reoccur (recur) = लगातार दोहोरिनु Flood in Bangladesh is a recurring problem बंगलादेशमा बाढी लगातार दोहोरिने समस्या हो ।

Frequent = बेलाबखत दोहोरिने He makes frequent visit to our office ऊ हाम्रो कार्यालयमा बेलाबखत आइरहन्छ ।

Redundant = अनावश्यक Repeat again is a redundant because repeat already means to say again पुनः दोहाऱ्याउनु अनावश्यक हो किनकि दोहोऱ्याउनु भन्नुको अर्थ नै पुनः भन्नु हो ।

Prolix = उही अर्थ लाग्ने शब्द दोहोऱ्याउनु He is a prolix speaker and repeats same thing very much ऊ सीमित शब्द भएको वक्ता हो । त्यसैले उही कुरा दोहोऱ्याउनुभन्दा उसलाई केही गर्न पनि आउँदैन ।

Superfluous = अर्थै नलाग्ने The procession was so disciplined that the presence of the police was superfluous जुलुस यति अनुशाशित थियो कि त्यहाँ प्रहरीको उपस्थिति अनावश्यक थियो ।

## सुडोकु–अंक ५५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | ४ | | | | ८ | १ | |
| १ | | | ४ | ८ | | | | |
| ५ | | | | | | | २ | |
| ४ | | ९ | | ६ | | | | २ |
| | | | ८ | | ९ | ४ | | |
| | ६ | | १ | | | ५ | | |
| | | | ७ | | | | | |
| २ | ४ | | | | | | | |
| ८ | ५ | | | २ | | ३ | | |

## अंक ५४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ६ | ८ | ९ | १ | ४ | २ | ३ | ७ |
| ९ | ३ | २ | ८ | ५ | ७ | ६ | १ | ४ |
| ४ | १ | ७ | ३ | २ | ६ | ५ | ९ | ८ |
| ६ | ५ | ९ | २ | ३ | ८ | ४ | ७ | १ |
| ३ | २ | १ | ४ | ७ | ९ | ८ | ५ | ६ |
| ८ | ७ | ४ | ५ | ६ | १ | ३ | २ | ९ |
| ७ | ४ | ३ | १ | ८ | ५ | ९ | ६ | २ |
| १ | ८ | ५ | ६ | ९ | २ | ७ | ४ | ३ |
| २ | ९ | ६ | ७ | ४ | ३ | १ | ८ | ५ |

# बाल विकास समाजद्वारा वितरण गरिएका शैक्षिक सामग्रीका झलक














**विद्यालयलाई शैक्षिक सामग्री**

बाल विकास समाज र सेभ द चिल्ड्रेनको साझेदारीमा संचालित “नेपालमा रहेका ईट्टाभट्टामा कार्यरत बालबालिकाहरुको संरक्षण” परियोजना अर्न्तगत काभ्रे जिल्लाको नमोबुद्ध र पाँचखाल नगरपालिकामा ३ ठाउँमा केन्द्र बनाएर विद्यालय शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा विहान ४:४५ मा धुलिखेलबाट कपन गएर ब्याग लोड गरेर करिव ८:१५ मा कपनबाट काभ्रे तिर लागियो । करिब ९:२० मा धुलिखेलमा रहेको सम्पर्क कार्यालयमा शिखरआम्बोटे र महादेवटारको लागि १२० ब्याग राखेर पहिलो गन्त्ब्य नमोबुद्ध नगरपालिका तर्फ लाग्छौ । करिब १०:१५ मा हामी कार्यक्रम स्थलमा पुग्यौ । त्यहा ४ वटा विद्यालयमा ६० वटा ब्याग वितरण गरियो । कार्यक्रममा बाल विकास समाजका महासचिव काजीबाबु पाण्डे, कोषाध्यक्ष सुरेन्द्र ढकालको उपस्थितीमा शैक्षिक सामग्री हस्तान्तरण गरियो ।

बाल विकास समाजबाट रामशरण रिमाल,सोनिया रिजाल, प्रयाशा के.सी, सिरी सत्याल, दिपेन्द्र पराजुली, बिदुर नेपाल र सुशिला नेपाली कार्याक्रममा सहभागि हुनुभएको थियो । बिदेसी पाहुनाहरु २ जना पनि यो कार्याक्रमको आर्कषक भएका थिए । यो कार्याक्रममा लक्की संस्थाका एम.डी किरण रायमाझी पनि सहभागि हुनभएको थियो ।

कार्याक्रममा महासचिव, कोषाध्यक्ष, विदेसी पाहुनाहरुले शैक्षिक सामग्री हस्तान्तरण गरियो । नमोबुद्ध नगरपालिकामा कार्याक्रम सम्पन्न भएपछि हामी पुन धुलिखेल नै फर्कियौ र खाना खाएपछि हामी पाँचखाल नगरपालिका वडा नं ५ स्थित प्रतिभा प्राविमा पुग्यौ । यस भेगमा रहेका ४ वटा विद्‍यालयका ६० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री हस्तान्तरण गरियो । कार्यक्रम कार्यक्रमको बारेमा कार्याक्रम व्यवस्थापक प्रयाशा केसीले प्रष्ट पार्नुभयो । साथमा थप कुरा र बाल विकास समाजका अन्य कार्यक्रमको बारेमा पनि जानकारी गराइएको थियो । विद्यालय शैक्षिक सामग्री वितरण गर्दा १-३ कक्षा का बालबालिकाहरुलाई कापी, पेन्सिल, इरेज, कटहर, ब्याग, ड्रेस दिइएको थियो ।

त्यस्तै ४-६ कक्षाका बालबालिकाहरुलाई कापी, पेन्सिल, इरेजर, ब्याग, ड्रेस, पेन, मसी, बक्स आदि सामग्री दिइएको थियो । ७ देखि १० कक्षाका बालबालिकाहरुलाई कापी, पेन्सिल, इरेजर, ब्याग, पेन, मसी, ड्रेस, बक्स आदि वितरण गरियो । साथै त्यस दिन सबै अभिभावकहरुलाई बालबालिकाहरुलाई श्रममा नलगाउने लिखित प्रतिबद्धता पनि गरियो । पाँचखाल ५ पिपलटार ३६ किलोमा कार्यक्रम सकिएपछि कार्यसमितिका पदाधिकारीहरु, विदेशी पाहुना, २ जना कार्यक्रम व्यवस्थाकहरु पाँचखाल २ मा रहेको श्री ज्ञानोदय आधारभुत विद्‍यालयमा अनुगमनका लागि जानुभयो ।

अन्तमा रामशरण रिमालको अगुवाइमा सिरी सत्याल, दिपेन्द्र पराजुली र बिदुर नेपाल पाँचखाल ९ साठीघरमा रहेको भुवनेश्वरी आधारभुत विद्‍यालयमा पुगियो र ६० जना बालबालिकाहरुलाई विद्‍यालय शैक्षिक सामग्री सहयोग हस्तान्तरण गरियो । ३ वटा विद्यालयका ६० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गरियो ।त्यहा करिब डेढ घण्टा कार्यक्रम गरेर पुन धुलिखेल तर्फ नै लाग्यौ । धुलिखेलमा आएपछि खाजा खाएर सबै जना आ आफनो गन्त्व्य तर्फ लाग्यौ । २ वटा नगरपालिकामा रहेका ११ वटा विद्‍यालयमा अध्ययनरत १८० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गरियो ।

**प्रस्तुति : दीपेन्द्र पराजुली**

**रातो पुल मैतीदेवीस्थित १५ आना १ पैसा क्षेत्रफलमा रहेको २ तले घरसहितको जग्गा बिक्रीमा ।**

सम्पर्क : ९८५१०२३६७०

**दलालले कष्ट नगरिदिनु होला**

**हाम्रो प्रतिबद्धता**
**पेट्रोलियम पदार्थमा शुद्धता**

**भरपर्दो, विश्वासिलो सेवाका लागि हामीलाई सम्झनुहोस्**

**भोलाबाबा पेट्रोल सेन्टर**
**मिर्चैया सिरहा**

**SOS MANPOWER SERVICE (P) LTD.**

www.sosmanpower.org

विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्

ISO 9001 JAS-ANZ

Handphone : 9851024628

G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

समाज

सुरुची चौधरी

# दाइजो प्रथा मधेशको विकृति

दाइजो प्रथा धेरै पहिले देखि चल्दै आएको प्रथा हो । यो प्रथा मधेशमा व्याप्त रहँदै आएको छ । यो एउटा परम्परा नै भइसकेको छ । दाइजो प्रथा भनेको केटी पक्षले केटा पक्षलाइ विवाह भन्दा पहिला दिनुपर्ने पैसा, घरका सामानहरू अनि त्यसमा पनि जे पुरूषको घरबाट माग्दछन् त्यो दिनुलाई दाइजो भनिन्छ । दाइजो लिईसकेपछि मात्र बुहारी भित्र्याउने परम्परा मधेशका जिल्लाहरूमा रहेको छ । दाइजोको कारणले नै अहिलेसम्म हजारौंभन्दा बढी महिलाहरूले आत्महत्या गरिसकेका छन् भने अन्य विभिन्न घटनाहरूपनि देख्न सकिन्छ ।

कुटपिट, आगलागी, बलात्कार जस्ता घटनाहरू महिलाहरू माथि दाइजो कै कारणले हुने गर्दछ यसमा महिलाको खासै दोष नरहे पनि दाइजोकै विषयलाई लिएर महिलाहरूलाई यातना दिने गरिन्छ । शिक्षित परिवारकै व्यक्तिहरूले बढी दाइजोको माग गर्ने हुँदा मधेशी समाजमा दाइजोको प्रभाव अझ बढ्दै गइरहेको छ । कुनै परिवारमा छोरीको जन्म भयो भने उसको बाबाआमालाई छोरीलाई कसरी पढौं भन्दापनि कसरी विवाह खर्च जुटाऔं भन्ने चिन्ता बढी हुन्छ । जो गरिब हुन्छ उसलाई यो दाइजोको विषयले भित्रभित्र सताईरहेको हुन्छ ।

छोरीको विवाहकै लागि भनेर गरिबहरूले धनी व्यक्तिहरूसँग ऋण लिएको हुन्छ त्यो ऋण तिर्न नसक्दा कति व्यक्तिहरूको घरजग्गा लिलाम हुन्छ भने कति व्यक्तिहरूलाई विदेश गएर काम गर्नुपर्ने बाध्यता रहेको हुन्छ । धेरै छोरीहरूलाई दाइजो दिन सकिदैंन भनेर सानै उमेरमा स्कुल पठाउनुको साटो विवाह गरेर पठाइदिने प्रचलन रहेको छ । विवाह भएर गईसकेपछि पनि केटाको पक्षले मैले यस्तो मागेको थिए दाइजोमा तर तिमो परिवारले दिन सकेन भनेर आफ्नै श्रीमतीलाई यातना दिने गर्दछ । गरीब परिवारसँग दाइजो लिएर पनि सधैं पुरूष वा उसको परिवार समाजमा शिर ठाडा बनाएर हिड्न सक्छ तर महिला र उसको परिवारले कसरी पनि आफुखुसी हिड्न पाउँदैनन् ।

मैले धेरै पुरूषहरूलाई दाइजो प्रथाको बारेमा प्रश्न गरेको थिए उनीहरूको उत्तरमा महिलाको पनि आफ्नो आमाबुबाको सम्पत्तिमा ५० % हक हुन्छ त्यही सम्पतिबाट दाइजो दिने त हो भन्छन् के महिलालाई स्वतन्त्रताले बाँच्ने हक छैन ।

यो समस्याको समाधानको लागि सबैभन्दा पहिले कडा कानुन बनाउनु पर्छ तर कानुन बनाएर मात्र हुँदैन त्यसको कार्यान्वयनका लागि विशेष पहल गर्नुपर्छ । छोरीलाई दाइजो होइन शिक्षा दिऊ भनेर चेतना फैलाउनु सक्नुपर्छ । पहिलेको तुलनामा अहिले दाइजो लिने र दिने प्रथामा केही कमी त भएको छ तर यो प्रथा निमूर्ल भइसकेको छैन । मधेशी महिलाहरूले आफ्नो शिक्षाको बारेमा सोच्न सकोस् र स्वतन्त्रतापूर्वक बाँच्न सकोस् । मधेशी महिला मिलेर अठोट गर्ने हो भने दाइजो प्रथा हटाउन सकिन्छ ।

यो दाइजो प्रथाले गर्दा मधेशी समाजको मानसिकता नै बदलिसकेको छ । दाइजो धेरै पाउने लोभमा छोरालाई डाक्टर, इन्जिनियर, पाइलट तथा उच्चस्तरको शिक्षा दिने तर छोरीलाई शिक्षा नदिई सानै उमेरमा विवाह गरिदिने चलन रहेको छ । केटा पक्षले जति धेरै पढेको हुन्छ त्यति नै धेरै दाईजो माग गर्ने गरेको पनि पाइन्छ, केटीहरूलाई बिचमै पढाई छोड्न लगाएर विवाह गराईदिने गरिन्छ यसले गर्दा महिलाहरूको पढाई बिचमै रोकिनुको साथै उनीहरूले परिवारमा आर्थिक किसिमबाट कुनै सहयोग गर्न नसक्ने हुनाले सधैं अरूको अधिनमा बस्नुपर्ने हुन्छ । कतिपय परिवारमा दाइजोकै कारण मनमुटाव हुनुको साथै सम्बन्ध विच्छेद पनि भएर बहुविवाह पनि गर्ने गरेको पाईन्छ । मधेशी समाजमा धेरै पहिलेदेखि चलिआएको यो कु-संस्कृति गर्दा हाम्रा धेरै दिदी बहिनीहरू मृत्युको मुखमा पुग्न बाध्य भएका छन् ।

यसैले आउने दिनहरूमा अरू चेलिबेटीहरूको जीवनमा खुसी ल्याउन यो प्रथा सबै नेपाली हरू एकसाथ मिलेर हटाउनुपर्दछ । दाइजो प्रथाको विरोधमा कडा कानुनी नियमहरू बनाई कार्यान्वयन गर्नुपर्दछ । महिला पुरुष एक हुन् भन्ने भावना सबैमा हुनुपर्दछ । जुनदिनसम्म हरेक सासुले आफु एकदिन बुहारी भएको महसुस गर्दैन र हरेक आमाले बुहारीलाईं आफ्नै छोरीको रूपमा अपनाउँदैनन् । त्यो दिनसम्म यो प्रथा हट्दैन । सायद हामी सबैको यही प्रयास नै कैयौं परिवार तथा चेलीबेटीहरूको मुहारमा मुस्कान बन्नसक्छ ।

विवाह जस्तो पवित्र संस्कारलाई दाइजो प्रथाले अपवित्र बनाइ दिएको छ । छोरीलाई आमाबुबाले बोझको रूपमा लिने गरेका छन् भने दाइजोबाट उत्पन्न हुने समस्यालाई हेरेर छोरीको जन्मलाई नै दुभार्ग्यको संज्ञा दिन थालिएको छ । दाइजो प्रथाकै कारण छोरीहरू आमाबुबाको लागि बोझ बनिसकेका छन् र छोरीहरूलाई गर्भमै हत्या गर्न थालेका छन् । यदि यो समस्यालाई गहिरिएर सोच्ने हो भने दाइजो कुनै आवश्यकता नै छैन । आजको समयमा कानुनले पनि महिलाहरूलाई पुरूष सरह अधिकार दिएका छन् । बुबाको सम्पत्तिमा पनि छोरीको हक लाग्ने भइसकेको छ । महिलाहरूले पनि पुरूषले सरह अवसर र सुविधा पाएमा सक्षम व्यक्ति बन्न सक्छन् यो कुरालाई हामी सबैले सुनेको, देखेको र भोगेका छौं ।

यो प्रथाले मधेशका गरिब परिवारलाई धेरै आक्रान्त बनाएको छ । दाइजो कम भयो भनेर नै कतिपय बेहुलाहरू मण्डपबाट नै फर्कने गरेको विवाह गरेर लगेको बेहुलीलाई शारिरीक, मानसिक यातना दिने लगायत अन्य विभिन्न यातनाहरू दिने गरेका छन् । यो कहालीलाग्दो स्थितीलाई जतिसक्दो छिट्टो अन्त्य गर्न जरूरी छ । सबै महिलाहरू एकजुट भएर यो प्रथाको विरोधमा उत्रने हो भने एकदिन अवश्य यो प्रथा हटेर जाने छ । दाइजो दिने वा लिने दुवैलाई दण्ड सजाँयको व्यवस्था गर्नुपर्दछ ।

## सार्वभौम...

समेत रहेका छन् । विधेयकका विपक्षमा झन्डै दुई सय सांसदहरू छन् भने विधेयक पारित हुन ३९६ सांसद संख्या पुग्नुपर्छ । विधेयक पारित हुन सक्दैन भन्ने मधेसी नेताहरूलाई थाहा हुँदाहुँदै उनीहरू किन पारित हुनैपर्छ भनेर निहुँ खोजिरहेका छन् ? यो उनीहरूको चुनाव बिथोल्ने, चुनावबाट भाग्ने र संविधान कार्यान्वयन हुन नदिने रणनीति मात्रै हो ।

निर्वाचन आचारसंहिता मधेसी नेताहरूलाई लागू नहुनु अर्को आश्चर्यको विषय हो । निर्वाचनको मुखमै उनीहरूले संघर्षका कार्यक्रमहरू सार्वजनिक गरिरहेका छन् । तर सरकार र निर्वाचन आयोगले भने मौनता साँधिरहेका छन् । निर्वाचन आचारसंहिता विप्लव र उनी नेतृत्वको नेकपाले मात्र मान्नुपर्ने ? कांग्रेस, माओवादी केन्द्र र राजपाले निर्वाचन आचारसंहिता पालना गर्नु नपर्ने ? असनको साँढेझैं छाडा भएर चुनाव विरोधी विभिन्न गतिविधि गर्दा पनि मधेसी नेताहरूलाई सरकार नियन्त्रणमा लिन सक्दैन । मधेसी दलहरूले पहिलो चरणको निर्वाचनमा भाग लिएनन् । दोस्रो चरणको निर्वाचनमा पनि भाग लिन्नौं भन्न पाउँछन् लोकतन्त्रमा । तर सार्वभौम जनताको मताधिकारलाई कुण्ठित गर्ने अधिकार उनीहरूसँग छैन । आफ्नो अधिकारका लागि जनताको मताधिकार खोस्न पाउँदैनन् उनीहरूले ।

राष्ट्रिय जनता दलको माग आम मधेसी जनताको माग होइन । केही मधेसी मसिहाहरूको माग पूरा गर्न राज्य बाध्य हुनु लज्जास्पद विषय हो । मधेसका जनता निर्वाचनको ब्याग्र प्रतिक्षा गरिरहेका छन् । चुनावको दिन गनेर बसिरहेका छन् । ६ वटा मधेसी दलबाहेक अन्य सबै दलहरूले तराईमा चुनावी गतिविधि तीव्र बनाइरहेका छन् । मधेस केन्द्रित दल संघीय समाजवादी फोरम र फोरम लोकतान्त्रिकसमेत निर्वाचनमा होमिएको छ । कांग्रेस, एमाले माओवादी केन्द्र लगायत ठूला राजनीतिक दलहरूले धमाधम उम्मेदवार घोषणा गरिरहेका छन् । तर राजपा भने संविधान संशोधन र स्थानीय तह वृद्धिमा टाङ अड्याएर बसेको छ । यी दुवै माग तत्काल पूरा हुनेवाला छैन । चुनावमा गई दुईतिहाई बहुमत ल्याएर आफू अनुकूल संविधान संशोधन गर्न सक्छ राजपाले । तर मधेसी नेताहरू आफूहरू निर्वाचनमा हार्ने भयले ग्रसित छन् । चुनावमा गएर हार्नुभन्दा आन्दोलनले इज्जत धान्ने उनीहरूले सोचिरहेका छन् सायद । यही कारण पूरा नहुने माग तेर्स्याएर चुनावबाट कुलेलम ठोक्न खोजिरहेका छन् ।

राज्यलाई लल्कार्ने आँट मधेसी नेताहरूमा कसरी आएको छ ? स्पष्ट छ- राजपाका पछाडि भारतीय संस्थापन पक्ष छ । मधेस आन्दोलनलाई निहुँ बनाएर मोदी सरकारले भूकम्पले क्षतविक्षत बनेको अवस्थाको नेपालमाथि पाँच महिना लामो नाकाबन्दी लगाएको थियो । भारतभित्रै यसको व्यापक विरोध भएपछि मोदी सरकार नाकाबन्दीबाट पछि हट्यो । मधेस आन्दोलनको नेपथ्यमा भारतीय खुफिया एजेन्सी 'रअ' रहेको थियो । अहिले पनि मधेसी नेताहरू भारतीय दूताबास पुगेर आन्दोलन उठाइदिन रोइकराई गरिरहेका छन् । भारत फेरि पनि मधेसमा आन्दोलन चर्काउने हो भने नेपाली जनतामा भारत विरोधी धारणा अरु बढ्ने निष्कर्षमा देखिँदैछ । भारत निकटस्थ नयाँ शक्ति र संघीय समाजवादी फोरमले समेत निर्वाचनमा सहभागिता जनाइसकेकाले मोदी प्रशासन राजपालाई काँध थाप्दा बदनाम हुनेमा विश्वस्त बन्दै गएको छ । यसको संकेत भारतीय राजदूत मंजिवसिंह पुरीले चुनावमा जान राजपालाई सुझाएबाट बुझ्न सकिन्छ । राजपाका जति पनि नेताहरू छन्, प्रायः सबै मधेसी जनताबाट तिरस्कृत र बहिष्कृत अनुहारहरू नै छन् । चुनाव हारेर मात्र होइन आफ्ना श्रीमतीहरू र सम्धिनीलाई समेत सांसद बनाएर मधेसी नेताहरू मधेसी जनतामाझ बदनाम छन् । उनीहरूलाई थाहा छ मधेसी जनताले ब्यालेट अस्त्रद्वारा आफूहरूमाथि अवश्य प्रहार गर्नेछन् ।

झन्डै दुई दशकपछि स्थानीय चुनाव भएको छ । संघीय संविधान कार्यान्वयनको प्रस्थानबिन्दु हो स्थानीय निर्वाचन । सिंहदरबारको अधिकार गाउँ/नगरमा विकेन्द्रित हुँदैछ । स्थानीय सत्ता जनताका प्रतिनिधिले सञ्चालन गर्दैछन्, जसलाई जनताले विश्वासका साथ मत दिएर निर्वाचित गरेका छन् । गाउँ/नगरको विकास र समृद्धिको रेखा जनता आफैंले कोर्दैछन् । केन्द्रीकृत शासन प्रणालीको विकल्पका रुपमा विकेन्द्रित शासन प्रणाली अर्थात् संघीयताको पहिलो पटक नेपालमा कार्यान्वयन हुँदैछ । यद्यपि संघीयता नेपाली जनताको माग थिएन । आयातीत संघीयताको एजेन्डा लागू हुँदैछ तर यसको भविष्यबारे यसै भन्न सकिन्न । त्यसमा पनि मधेसी नेताहरूले चुनाव भाँड्ने जुन साजिस गरिरहेका छन्, त्यसले पनि संघीयताको भविष्यमा खग्रास ग्रहण लाग्ने हो कि भन्ने आशंका अनुपयुक्त सायदै नहोला ।

## भरतपुरमा...

माओवादीकरण गर्न असफल भएपछि प्रभु (भारत) सँग नझुक्ने भन्दै प्रचण्डले प्रधानमन्त्री पद छोडे ।

माओवादी पार्टी क्षतविक्षत भयो । संसदीय दलदलमा जाकिएका माओवादी नेताहरू सत्ता रस्साकस्सीमा रमाउन थाले । दक्षिणपन्थी दलहरूसँग माओवादी पार्टीले हिमचिम बढायो । फेरि प्रचण्ड प्रधानमन्त्री भए । उनले स्थानीय तह प्रथम चरणको निर्वाचन गराए । तर जब निर्वाचन परिणाम धमाधम बाहिर आउन थाल्यो माओवादी केन्द्रका नेताहरू आत्तिन थाले । प्रथम चरणको चुनावी नतिजा त एमालेमय पो भयो । प्रचण्डले दोस्रो संविधानसभा चुनावताका भनेका थिए- अब एमाले भन्ने पार्टी रहँदैन । चुनावपछि माओवादी र कांग्रेस मात्र पार्टी रहन्छन् । तर दोस्रो संविधानसभा चुनावमै झन्डै माओवादी पार्टी सिद्धियो । प्रचण्ड प्रधानमन्त्री भएर गराएको स्थानीय तह प्रथम चरणको निर्वाचनमा माओवादी केन्द्रको हैसियत छर्लंग भयो । जताततै एमाले र कांग्रेस मात्रै विजयी हुन थाले । नाकाबन्दीताका तत्कालीन प्रम केपी ओलीको अडानले देशबासी गौरवान्वित भएका थिए । यसको प्रभाव निर्वाचनमा नपर्ने कुरा थिएन । यो बुझेर कांग्रेस माओवादी केन्द्रले चुनावी तालमेल समेत गरे । तर जनताले भने फटाफट एमाले उम्मेदवार रोजिदिए । अब भरतपुर बाँकी थियो मतगणना सक्न । ब्यालेट बक्सभित्र सूर्य नै सूर्य मात्रै देख्न थाले माओवादी नेताहरूले । एमालेका मेयर उम्मेदवार देवी ज्ञवालीले प्रचण्डपुत्री रेणु दाहाललाई उछिन्दै गए । रेणु भन्दै थिइन् हजार मतले म जित्छु, ज्ञवाली ढुक्कै थिए पाँच सयको मतान्तरले भए पनि म नै मेयर बन्छु । दुवैको छिनोफानो हुन धेरै समय थिएन । तर माओवादीहरूले राति १२ बजे निर्वाचन अधिकृत र सुरक्षा दस्तालाई छक्याउँदै मत पत्रै च्यातिदिए । यो बेलासम्म देवी ज्ञवाली रेणुलाई पछि पार्दै अघि बढ्दै थिए ।

रेणुको हार निश्चित भएपछि माओवादीहरूले मतपत्र च्यात्नु जंगली असभ्यता हो । मतपत्र च्यात्ने अनि पुनः वडा निर्वाचनको माग गर्ने माओवादीले जनमतको घोर अपमान गरेको छ । यो सार्वभौम जनताको अधिकारमाथि गरिएको बलात्कार नै हो । लोकतन्त्र माओवादीको देखाउने दाँत मात्र रहेछ भन्ने अहिले छर्लंग भएको छ । भरतपुरमा माओवादी लोकतन्त्र छरपस्ट भएको देश दुनियाँले देख्न पाए । पुत्री मोहमा धृतराष्ट्र बनेका प्रचण्डले 'लोकतन्त्र' भन्नासाथ जग हाँस्न थालेको छ ।

## चुलियो...

झरेको थियो । मालसामानको आयातको १० महिनाको अवस्थालाई हेर्दा कुल बजेट बराबरकै आयात हुने देखिन्छ । निर्याततर्फ भने ११ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ । चालु आवमा करिब ६१ अर्ब रुपैयाँ बराबरको मात्र वस्तु निर्यात भएको छ । अघिल्लो वर्षको १० महिनामा करिब ५५ अर्ब बराबरको वस्तु मात्र निर्यात गरेको थियो । भन्सार विभागका अनुसार चालु आवको १० महिनामा व्यापार घाटा साढे ७ खर्ब पुगेको छ । ७ खर्ब ४६ अर्ब ३२ करोडको व्यापार घाटाको तथ्यांक रहेको छ । गत वर्षको तुलनामा ३२ दशमलव ७ प्रतिशतले व्यापार घाटा बढेको छ । नेपालको बढ्दो परनिर्भरता घटाउने बारेमा प्रत्येक वर्ष बहस हुने गरेको छ । तर व्यापार घाटा झनै चुलिएर गएको छ । कृषिप्रधान देशको रुपमा मुलुकको पहिचान भए पनि खाद्यान्न, तरकारी, फलफूल, दूध, मासु समेत विदेशबाट आयात हुने गरेको छ । कृषि उत्पादनमा आत्मनिर्भर बन्न सक्दा पनि व्यापारघाटा न्यून बन्छ । त्यसैगरी नेपालको सबैभन्दा बढी रकम पेट्रोलियम आयातमा खर्च हुने गरेको छ । भारतसँग भइरहेको विद्युत् आयातले पनि व्यापारघाटा बढाएको छ ।

## किन बिकेन...

अझै पनि विभिन्न ठाउँमा यो कुराको पछुतो व्यक्त गर्दै आएका छन् ।

माओवादीको विजयको उन्माद कटुवाल प्रकरणमा छताछुल्ल भयो । बहालवाला प्रधानसेनापति रुक्मांगत कटवाललाई गलहत्याएर कुलबहादुर खड्कालाई प्रधानसेनापति बनाई सेनाको संरचना नै भताभुंग पारेर माओवादीकरण गर्ने प्रचण्डको योजनामा तुषारापात भयो । प्रचण्ड आफैं प्रधानमन्त्रीको कुर्सी त्यागेर बाहिरिनुपऱ्यो । यसपछि पनि माओवादीले थुप्रै गैरकानुनी हर्कत गऱ्यो । द्वन्द्वकालका घटना विस्तारै भुल्न थालेका जनतालाई वाईसीएलमार्फत दुःख दिने, काठमाडौं उपत्यकालाई नाकाबन्दी गर्ने नाममा विभिन्न ठाउँका कार्यकर्ता काठमाडौंमा उतारेर लामो समयसम्म हडताल गराएर सहरी जनजीवन अस्तव्यस्त पार्ने काम माओवादीले गऱ्यो ।

माओवादीले जनसेनाको शिविरमा गरेको अर्बौं घोटालाको आरोप खेप्दै आएको छ । नयाँशक्तिका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले समेत यो भ्रष्टाचार काण्डको पटक पटक खुलासा गर्दै आएका छन् । यसको ठोस जवाफ माओवादीले दिन सकेको छैन । यसैगरी माओवादीका नेतादेखि कार्यकर्तासम्म मौलाएको मोजमस्तीको संस्कृति, महल, गाडी, जग्गाजमिनबारे पनि धेरै प्रश्न उठिरहेका छन् ।

माओवादी पराजयको सबैभन्दा प्रमुख कारण नै उनीहरूबीच आएको फुट नै हो । मोहन वैद्य, सीपी गजुरेल जस्ता पाका र परिपक्व नेताहरूसमेत माओवादीमा अटाउन सकेनन् भने माओवादी नामको रथ एकापट्टिबाट तान्ने घोडाका रुपमा रहेका डा. बाबुराम अहिले सबैभन्दा ठूलो माओवादी र प्रचण्डका आलोचक बनेका छन् । अर्कातिर जुझारु युवाको ठूलै समूह लिएर नेत्रविक्रम चन्द, खड्गबहादुर विश्वकर्मा, धर्मेन्द्र बाँस्तोला जस्ता सशक्त युवा नेताहरू छुट्टै मिसनमा रहेका छन् । यस्ता कयौं कारणहरू छन् जसले गर्दा प्रचण्डलाई चामल बेच्न मुस्किल परिरहेको छ ।

हो, पछिल्लो चरणमा प्रचण्डको नेतृत्व पक्कै पनि परिपक्क देखिएको छ । उनको कार्यकालमा भएको लोडसेडिङको अन्त्य, चीनसँगको वोअर सम्झौता, अर्थतन्त्रमा सकारात्मक सूचक, स्थानीय निर्वाचन लगायतका कामहरू प्रशंसनीय छन् । तर विगतका ठूला भूल र आफ्नै पार्टीभित्रको विग्रहले माओवादीसँग विशेष गरी सहरी जनता नराम्रोसँग टाढिन पुगे ।

## धमाधम...

**इलाम र सप्तरीमा एमालेका उम्मेदवार चयन**

एमालेले जिल्लाको १० स्थानीय तहकै उम्मेदवार टुंगो लगाएको छ । एमालेले चार नगरपालिका र ६ गाउँपालिकाका सबै पदमा उम्मेदवार टुंग्याएको हो । एमालेले इलाम नगरपालिकाको मेयरमा महेश बस्नेत र उपप्रमुखमा सुशीला नेम्वाङलाई उम्मेदवार बनाउने भएको छ । यस्तै देउमाई नगरपालिकाको मेयरमा सूर्यप्रसाद पोखरेल र उपमेयरमा पविमाया राई उम्मेदवार भएका छन् । सूर्योदय नगरपालिकाको मेयरमा आरबी राई र उपमेयरमा दुर्गा भट्टराई चयन भएका छन् भने माई नगरपालिकामा दीपक थेवे मेयर र विष्णुमाया आचार्य उपमेयरका उम्मेदवार बन्ने भएका छन् ।

एमालेले चुलाचुली गाउँपालिका अध्यक्षमा प्रदीपचन्द्र राई र उपाध्यक्षमा निर्मला दाहाललाई उम्मेदवार बनाएको छ भने माङ्सेबुङ्मा हेमन्त राईलाई अध्यक्ष र सुनिता योङ्हाङलाई उपाध्यक्षको उम्मेदवार बनाएको छ । फाकफोकथुममा दीपेन्द्र खनाललाई अध्यक्ष र सरस्वती राई उपाध्यक्षको उम्मेदवार बनाएको छ । यस्तै, सन्दकपुर गाउँपालिकामा उदय राई अध्यक्ष र शोभा पराजुली उपाध्यक्षको उम्मेदवार बन्ने भएका छन् । माइजोगमाईमा जितबहादुर राई अध्यक्ष र सावित्रा भट्टराई उपाध्यक्ष र रोङ गाउँपालिकामा बृहस्पति खतिवडा अध्यक्ष र बिष्णुमाया खवास उपाध्यक्षका उम्मेद्वार बन्ने भएका छन् ।

यसैगरी नेकपा एमाले सप्तरीले जिल्लाको ९ वटा स्थानीय तहमा उम्मेदवार छनोट गरेको छ । एमालेले पाँच नगरपालिका र चार गाउँपालिकामा उम्मेदवार छनोट गरेको छ । बाँकी स्थानीय तहमा पनि उम्मेदवार छनोटको काम अन्तिम चरणमा पुगिसकेको जिल्ला अध्यक्ष गोबिन्द न्यौपानेले बताए । एमालेले कंचनरुप नगरपालिकाको मेयरमा बसन्त मिश्रा र उपमेयरमा आसरा चौधरीलाई उम्मेदवार बनाएको छ । यस्तै सप्तकोशी नगरपालिकाको मेयरमा उत्तम गौतम र उपमेयरमा आशा चौधरी, हनुमाननगर-कंकालिनीमाई नगरपालिकाको मेयरमा शोभितलाल यादव र उपमेयरमा अरुणा पैकरा, बोदे बर्साइन नगरपालिकाको मेयरमा कमाल अहमद र उपमेयरमा सपनादेवी सदा, शम्भुनाथ नगरपालिकाको मेयरमा जितेन्द्र गुप्ता र उपमेयरमा शोभा चौधरीलाई उम्मेदवार बनाएको छ ।

एमालेले कृष्णसवरन गाउँपालिकाको अध्यक्षमा बद्री नारायण चौधरी र उपाध्यक्षमा शैलेन्द्री चौधरी, महदेवा गाउँपालिकाको अध्यक्षमा राजाराम यादव र उपाध्यक्षमा कमलादेवी यादव, बिसनपुर गाउँपालिकाको अध्यक्षमा अशोक यादव र उपाध्यक्षमा सुनिता देवी राम, तिरहुत गाउँपालिकाको अध्यक्षमा दीपेन्द्र लगरबार र उपाध्यक्षमा कविता शर्मालाई उम्मेदबार बनाएको छ । खडग नगरपालिकाको मेयरमा शत्रुघ्न प्रसाद साह, सुरुङ्गा नगरपालिकाको मेयरका लागि रामनारायण चौधरी, रुपनी गाउँपालिकाको उपाध्यक्षमा अन्जु कुमारी चौधरी र डाक्नेश्वरी नगरपालिकाको उपमेयरमा नितु चौधरीलाई चयन गरिएको छ ।

यस्तै नेकपा (एमाले) ले प्रदेश ५ का चार उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख उम्मेदवारको नाम टुंगो लगाएको छ ।

एमाले सचिव एवम् प्रचार विभाग प्रमुख योगेश भट्टराईका अनुसार नेपालगन्जको मेयरमा समसुद्दिन सिद्धिकी र उपमेयरमा शान्ता ढकाललाई चयन गरेको छ । तुल्सीपुरको मेयरमा घनश्याम पाण्डे र उपमेयरमा माया आचार्यलाई चयन गरेको छ भने घोराहीमा नरुलाल चौधरी र सीता न्यौपानेलाई उम्मेदवार बनाएको छ । त्यसैगरी बुटवलमा शिवराज सुवेदी र गोमा आचार्यको नाम मेयर र उपमेयर उम्मेदवारको रुपमा सार्वजनिक भएको छ ।

## कांग्रेसको...

कारण फेरि कांग्रेसको हैसियत खस्किने सम्भावना प्रबल छ । देउवाले गरेका गम्भीर भूलहरूको फेहरिस्त अझै लम्बिनेछ र कांग्रेस देउवाको नेतृत्वकालभरि थला परिरहने देखिन्छ । बीपीको प्रजातन्त्र राष्ट्रियता र समाजवादको आदर्शताबाट त्यसै पनि कांग्रेस नेतृत्व स्खलित भइरहेको छ ।

प्रजातन्त्रलाई देउवाले मनपरीतन्त्रमा परिभाषित गरिसकेका छन् । जयबहादुर चन्दलाई आईजीमा नियुक्त गराएबाटै उनको मनपरीतन्त्र छर्लंग हुन्छ । राजदूतहरूको नियुक्तिमा देउवाले जसरी पैसालाई योग्यताको रुपमा लिएर विवादित व्यक्तिहरूलाई सिफारिस गरे त्यसले पनि समग्र कांग्रेसको शिर झुकेकै हो । चन्दलाई आईजी बनाउन रोकेको झवाँक प्रधानन्यायाधीशमाथि पोख्न महाअभियोग प्रस्ताव संसदमा दर्ता गर्न लगाउनु त देउवाको महाभूल नै थियो । संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय संघसंस्था र नागरिक समाजले यस विषयको विरोध गर्दै प्रस्ताव फिर्ता लिन भन्दा पनि देउवाले पटक्कै वास्ता गरेनन् । आखिर प्रमुख प्रतिपक्षी दल एमालेले सदन नै अवरुद्ध गरेपछि मात्र महाअभियोग प्रस्ताव फिर्ता लिन देउवा तयार भए । जब एमालेले बजेट भाषण नै गर्न नदिने तयारी अघि बढायो देउवा लत्रिए । संसद सुचारु नभएसम्म देउवा प्रधानमन्त्री बन्न सक्ने कुरा भएन । प्रधानमन्त्री निर्वाचित हुने त संसदबाटै हो । जबसम्म संसद चल्दैन तबसम्म शेरबहादुरको सत्तारोहण रोकिने भएकाले मात्र उनी महाअभियोग प्रस्ताव फिर्ता लिन बाध्य भएका हुन् । यसको अर्को विकल्प उनीसँग थिएन ।

उम्मेदवारहरूको चयनमा पनि देउवाले स्वच्छचारिता देखाएको रामचन्द्र पौडेल पक्षको आरोप गलत छैन । पार्टीलाई सहयोगका नाममा लाखौं रकम असुलेर मात्र देउवाले टिकट वितरण गरेको कांग्रेस वृत्तमा चर्चा छ । जीवनभर कांग्रेस राजनीति गरेका त्यागी र निष्ठावान कांग्रेसीहरू देउवाको रोजाइमा पर्न सकेनन्, उनीहरूले टिकट पाएनन् । जुन क्षेत्रमा जसको प्रभाव थिएन उनीहरूलाई उम्मेदवार बनाउँदा पार्टीले हारेको कांग्रेसीहरू नै स्वीकार्छन् । अर्को, माओवादी केन्द्रसँगको चुनावी तालमेललाई कांग्रेस मतदाताहरूले नै रुचाएको देखिएन । आईजी र महाअभियोग प्रकरणमा विवादित बनेको कांग्रेस नेतृत्वले एक्लै चुनावमा जान आँट गर्न सकेन । देउवाले माओवादीकै वैशाखी टेकेर कांग्रेसलाई निर्वाचनमा होमे । परिणाम कांग्रेसले आँकलन गरेजस्तो आएन । पहाडी र हिमाली भूगोलमा गरिएको प्रथम स्थानीय निर्वाचनमा कांग्रेसलाई एमालेले पछि पारिदियो । देशको राजधानी काठमाडौंमै कांग्रेसको बेहाल देखियो । महानगर र नगरमा एमालेको प्रभाव देखिनु भनेको कुलिनदेखि मध्यमवर्ग र बौद्धिक वर्गबीच कांग्रेस अलोकप्रिय हुनु हो । एमालेको पहाडी राष्ट्रवादका बाबजुद कांग्रेसको शानदार जित ठान्ने कतिपय बौद्धिक कांग्रेसजन पनि छन् । भारतीय हैकमवादको नांगो हस्तक्षेपको विरोध गर्नु पहाडी राष्ट्रवाद होइन । भारतले सीमा अतिक्रमण गरेको छ, दशगजा क्षेत्रमै बाँध र सडक बनाएर नेपाली भूभागलाई डुबानमा पारिरहेको छ । भारतीय अर्धसैनिक बलले नेपालभित्रै छिरेर नेपाली नागरिक मार्दैछ । तर नेपाली कांग्रेसलाई यसको कुनै मतलब छैन । नेपाल रहे मात्र कांग्रेस रहने हो । भारतीय दादागिरीको कत्ति पनि विरोध नगर्ने कांग्रेसको लम्पसारवादलाई देशभक्त नेपाली जनताले मन पराएनन् र ब्यालेटद्वारा सबक सिकाइदिएका छन् । राष्ट्रियताको विषयमा कांग्रेस सधैं चिप्लिएको इतिहास गवाही छ ।

केपी ओली नेतृत्वको सरकार ढाल्ने अस्त्रका रुपमा कांग्रेस प्रयोग भएपछि नै जनतामा कांग्रेसप्रतिको मोह घट्दै गएको थियो । शेरबहादुर देउवा र प्रचण्डलाई दिल्ली बोलाएर ओली सरकार विस्थापित गराउने खेल खेल्यो मोदी प्रशासनले । देउवा भारतका प्रथम रोजाइमा परे पनि उनलाई एकैपटक प्रधानमन्त्री बनाउन नसकिने भएकाले भारतले प्रचण्डलाई प्रधानमन्त्री बनाउन देउवालाई सुझायो । नौ नौ महिना प्रधानमन्त्री हुने देउवा र प्रचण्डबीच भद्र सहमति भएको थियो । यहीअनुसार प्रचण्डलाई भारतले राजीनामा गर्न लगाएको सहज बुझ्न सकिन्छ । नेपाल चीनमय हुन सक्ने भयले त्रसित भारतीय शासक वर्गले भारतीय नाकाबन्दीका अघि नझुकेका ओलीलाई सत्ता बहिर्गमन हुन बाध्य पारेको थियो जसलाई जनताले मन पराएका रहेनछन् भन्ने नै निर्वाचन परिणामले छर्लंग पारेको छ । देश नै विखण्डन गर्ने धम्की दिने मधेसी दलहरूसँग देउवाको सहकार्य पनि कांग्रेस दोस्रो बन्ने कारणमध्ये हो ।

## अब...

विज्ञान प्रतिष्ठानको सहयोगमा उन्नत नश्लका गाईसहित नयाँ परियोजना र प्रविधि भित्र्याउने तयारी थालेको छ ।

दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक कैलाश ढुंगेलका अनुसार किसानले उन्नत जातका गाई माग गरिरहेकोमा उपलब्ध गराउन नसकेकाले चीनबाट उन्नत नश्लका गाई झिकाउने तयारी थालिएको हो । भारतबाट ल्याउने भनिएकोमा भारतले अहिले गाई निर्यातमा पूर्ण रुपमा प्रतिबन्ध लगाएको छ ।

गाई ल्याउने बोर्डको तयारीमा निजी क्षेत्रले पनि सहयोग पुऱ्याइरहेको छ । निजी क्षेत्रको समेत सहयोगमा गाईसहित आधुनिक डेरी प्रविधिसमेत भित्र्याउने पहल भइरहेको छ । बोर्डले सम्भाव्यता अध्ययन गरेर चीनको सम्बन्धित पक्षसँग छलफल गरिरहेकोमा अब सरकारले औपचारिक निर्णय गरेपछि गाई आयातको काम सुरु हुनेछ ।